# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल एक बहुजातिय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । नेपालमा आदिवासी, जनजातीहरुको संख्या कुल जनसंख्याको ३७.२% छ । ५९ सूचिकृत आदिबासी जनजातीहरुमध्ये वनकरिया, कुसुण्डा, छौरोतन, राउटे जस्ता अत्यन्तै थोरै जनसंख्या भएको समूहदेखि लिएर मगर, थारु, तामाङ्ग जस्ता दसलाख भन्दा बढी जनसंख्या भएका समूह पनि यसै समूदायमा पर्दछन । तथापी केही जनजातीहरु अत्यन्तै पिछडिएको अवस्थामा छन । उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक सबै किसिमबाट ज्यादै कमजोर स्थितीमा बाँच्न विवश छन । २००७ सालको राणा शासनको अन्त्य भएपछि स्थापित भएको प्रजातान्त्रिक कालमा आदिबासी जनजातीहरुको चाहना र आकाक्षा सबै धरासायी भएको पाइन्छ । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनासँगै जनजातीहरुको जातिगत सक्रियता बढेको पाइएता पनि मुलुकको समग्र विकासमा सहभागी बन्न भने कमै मात्रमा भएको पाइन्छ ।

संयुक्त जनआन्दोलन २०६२/०६३ को सफलता पश्चात् गठन भएको संविधानसभामा आदिबासी जनजातीहरुको तर्फबाट समेत समानुपातिक प्रतिनिधीत्व गरी नीति निर्माणको पक्षमा बहस तथा पैरवी गर्न तथा कानुनी मार्गहरुलाई आदिबासी तथा जनजातीका हितमा लागू गराउनका लागि निश्चय पनि जनजातीका मुद्दामा सफलताको एक कसिको रुपमा लिन सकिन्छ । यस जनजातीहरुको हक, हित र उनीहरुको उत्थानमा हाल जनजाती सम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको योगदानलाई पनि भुल्न सकिदैन ।

“दलित तथा सीमान्तकृत वर्गका सूचीमा सुचिकृत भएका जनजातीहरु मध्येमा तराइका केहि जिल्ला तथा सुगम स्थानमा बसोबास गर्ने तर सेवा तथा सुविधाहरुबाट बञ्चित रहेका जनजातीहरुमध्ये पनि अति पिछडिएका जनजातीहरुको यस अध्ययनमा समावेश गरी तिनीहरुको बालबच्चाको प्राथमिक विद्यालय क्षेत्रमा रहेको पहुँचका सम्बन्धमा झापा जिल्ला

गौरादह न.पा.मा रहेको दलित बालबालिकाको प्राथमिक तहको शैक्षिक अवस्थाका सम्बन्धमा अध्ययन गरिएको छ ।

यस अध्ययनको क्षेत्र झापा जिल्ला गौरादह न.पा. भित्र रहेका सामुदायिक विद्यालयहरु हुनेछन । गौरादह न.पा. पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मेची अञ्चलको झापा जिल्लाको सम्पूर्ण मैदानी भागमा रहेको छ । यस गा.वि.स.को भौगोलिक अवस्थित २६ ३७ ५० देखि २६ ३४ ५८ उत्तरी आक्षांश र ८७ ७ ३० देखि ८७ ११ १८ पूर्वी देशान्तरसम्म फैलिएको छ । पूर्वमा गौरीया खोला, पश्चिममा रतुवा खोल, उत्तरमा लखनपुर गा.वि.स. र दक्षिण गौरिगञ्ज गा.वि.स. सीमाना रहेको यो गा.वि.स.को क्षेत्रफल ६०५० विगाहा छ । संविधानसभा क्षेत्र नं. ६ मा रहेको यो गा.वि.स.मा ९ वार्डहरु रहेका छन ।

मानवशास्त्रीका अनुसार आधुनिक सभ्य युगमा मानव जातीको प्रवेश गरेको करिब ६-७ हजार बर्ष मात्र भएको छ । तिनीहरुका अनुसार मानव जातीका प्रमुख तीन नश्लहरु छन । ती हुन अष्ट्रेलियन (कर्केशीयन), निग्रो (हब्सी) र मंगोलियन । कर्केशियन अन्तर्गत प्रमुख तीन शाखाहरु छन जसमा आर्य (इन्डो युरोपियन), समेटिक र हेमेटिक । हिन्दु यसै अन्तर्गत पर्दछन । नेपाल एक बहुजातिय बहुभाषिक बहुधार्मिक एवम् बहुसांस्कृतिक रङ्गीचंङ्गी फूलहरुले भरिएको सुन्दर एवम् स्वतन्त्र मुलुक हो । यस कुरालाई नेपाल अधिराज्यको संविधान २०४७ ले पनि आत्मसाथ गरेको छ । आजको नेपाल निर्माण गर्न सबै जातजातीको उत्तिकै सहयोग र सहभागिता रहेको तथ्य राष्ट्र निर्माता श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१) को दिव्योपदेश नेपाल चार जात र छत्तिस वर्णको साझा फूलबारी हो भन्नेबाट प्रष्ट हुन्छ (इन्सेक २०५५:२०) । वैदिक कालमा आर्यहरुले ब्राम्हण, क्षेत्री र वैश्य गरी तीन वर्णको सृजना गरे । ब्राह्मण र क्षेत्रीको आपसी मतभेद र कलहको कारण चौथो वर्ण शुद्र निर्माण भयो । आफ्नो वर्चश्व कायम गर्न सकियोस र दुश्मनलाई कमजोर पार्न सकियोस भनी ब्राम्हणहरुले जातपात र छुवाछुतको अचुक असत्र निर्माण गरे (उही २०५५) ।

ऋगवेदमा उल्लेख भए अनुसार वैदिक समाजमा शुद्रका आर्यहरुले गाउने गरेका गीत वा ऋचाहरुबाट पनि त्यसबेला समाजका मानिसहरु समान थिए । त्यहाँ कुनै पनि जातभातको

भेदभाव थिएन भन्ने कुरा स्पष्ट हुन्छ । ऋगवेदमा चार वर्ण बाहेक अरु जात वा अछुत प्रथाको उल्लेख भएको पाइदैन । यहि वर्ण शब्दको अर्थ रङ्ग हो, तर पछि यो शब्दले रङ्गको अर्थ दिने छाडी श्रमविभाजनको अर्थ दिदै आएको कुरा स्पष्ट हुन्छ । ऋगवेदको ऋचाको रचना ई.पु.१५००-१००० को बीचमा भएको पाइन्छ । श्रमविभाजनका आधारमा चार विभाजन यस प्रकारले पाइन्छ । ब्राह्मण अन्तर्गत पुरोहित ज्ञान शिक्षा (बौद्धिक र धार्मिक), क्षेत्रिय अन्तर्गत सैनिक, शासकीय (राजनिती), वैश्यमा पशुपालन, खेती व्यापार (श्रम) र शुद्र अन्तर्गतमा बुदिन श्रम, शिल्पकारी सेवा (श्रम) आदि पाइएको छ ।

माथि उल्लेख भएका चार वर्णका मानिसहरुले कुनै पनि काम फेरबदल गर्न सक्थे र काम अनुसारको योग्यता हासिल गरेपछि वैश्य र शुद्र पनि माथिल्लो वर्णको सम्मान पाउन सक्थे । श्रमका आधारमा वर्णको फेरबदल हुन सक्थ्यो । ऋगवेदले शरीरसँग समाज संरचनालाई जोडेको थियो । त्यस्तै वर्ण मान्छेको अन्तरनिहित गुणमा आधारित हुन्छ भन्ने सैद्धान्तिक मान्य श्रीमद्भागवत गीताले दियो तर गीतामा पनि वर्ण जात भन्ने थिएन ।

केहि विद्वानले यो प्रथा मानव जातीको आदिम उत्पत्तिसँगै प्रादुर्भाव भयो भन्ने तर्क गर्छन । आदिम समाजमा जातपातको कुरा नभएको कुरा हिन्दुहरुको सुप्रसिद्ध ग्रन्थ महाभारतले बताउँछ । समाजमा उच्च वर्ग र सत्ताधारी वर्णका मानिसहरु आफ्नो श्रेष्ठता देखाउन र समाजमा हैकम जमाउन शुद्रमाथि दमन एवं नियन्त्रण बढाउदै लगे । त्यस पछि रिस उठेको, मन नपरेका वा घिनलाग्दो काम गर्न पनि विवस भएका शुद्रहरुलाई अझ हिन जातीको स्तरमा धकेल्ने, समाजबाट बहिष्कार गर्ने र अछुत सरह व्यवहार गर्ने काम भयो । त्यसपछि समाजमा दुई प्रकारका शुद्रहरु देखा पर्न थाले । आर्य मानिसहरुले घरमा बसेर काम गर्ने छुत शुद्रहरु र समाजबाटै बहिष्कृत भएर अछुत व्यवहार गरिने हिन जाति, अछुत शुद्रहरु ।

विष्णु पुराणमा उल्लेख भए अनुसार जुन शुद्रले आफ्नो प्राण, धन तथा स्वास्नीलाई ब्राम्हणको सेवामा अर्पण गर्छ त्यस्ता शुद्रको अन्न र तिनीहरुको छोएको खाना खान हुन्छ बाँकी अरु शुद्रको खाना खान हुदैन भनी उल्लेख गरिएको छ । त्यसैगरी शुद्रले ब्राम्हण, क्षेत्री र वैश्य कन्याबाट जन्माएका सन्तानलाई अछुत शुद्र मानी समाजबाट बहिस्कार गर्ने गरियो

ब्राह्मण साहित्यको निर्माणकालमा आएर व्यवसायको आधारमा मात्र नभएर जन्मको आधारमा जाति मान्ने धारणा जन्मियो । नेपालमा लिच्छवी वंशको शासनकाल देखि भारतीय महाद्वीपबाट जातीय प्रणालीको प्रवेश भएको पाइन्छ । प्रथम लिच्छवी राजा सुपुष्पले हिन्दु वर्णाश्रम धर्मको आधारमा हिन्दु धर्मको संरक्षण गर्ने नाममा तत्कालीन समाजलाई चारवर्णमा विभाजन गरेको पाइन्छ ।

नेपालको इतिहासको मध्यकालिन राजा जयस्थिती मल्ल आफू शक्तिमा आएपछि वर्णाश्रम व्यवस्था र हिन्दु धर्म बचाई राख्ने नाममा विभिन्न सुधारहरु गर्ने क्रममा ५ जना ब्राम्हणको सहयोगमा तयार गरिएको मानव न्यायशास्त्रको आधारमा शुद्रलाई समाजको तल्लो तहमा राखी पानी नचल्ने बनाई सामाजिक विभेदको सुरुवात गरेको देखिन्छ । जात अनुसारको कामको व्यवस्था गरे । जातीय विभाजन अनुसार सामाजिक व्यवहार व्यवसाय नगर्नेलाई जात अनुसारको दण्ड सजाय गर्ने व्यवस्था गरे । जयस्थिती मल्लले मनुस्मृतिका काल्पनिक कथालाई धार्मिक आडमा संवैधानिक मान्यता प्रदान गरेर राज्यसंचालन गर्ने प्रयास गरेका थिए ।

पशुपालन र कृषिमा आधारित अर्थव्यवस्थाको विकासक्रममा सुविधाभोगी र सुविधा विहिनहरुबा बिचमा अलग अलग स्तर देखापऱ्यो । यसलाई वर्ण व्यवस्था नामको एक खास योजनाद्वारा स्थायीत्व दिने कुटिल चाल रचियो । प्राचिन भारतमा लागू भएको वर्णाश्रम व्यवस्थामा वर्ग विभाजन नै थियो । त्यसैले सुरुमा वर्ग र वर्ण व्यवस्थामा खासै भिन्नता नभएको र पिछडिएको वर्ग नै कालान्तरमा दलित बन्न पुगेका पाइन्छ । भारतमा सन् १९५० को दशकदेखी बढी प्रचलनमा दलित शब्द नेपालमा विगत एक दशकदेखी निक्कै चर्चा, परिचर्चा, छलफल र बहसको विषय बन्दै आएको छ ।

दलितका सन्दर्भमा विभिन्न मतहरु पाइन्छन :
पहिलो : समाजमा हक, इज्जत र प्रतिष्ठा समान रुपमा पाउन नसकेको जाती वा समूह दलित हो । दोस्रो : सामाजिक अवस्थाको असमानताले सोषित पछि परेका र पारिएका समुदाय नै दलित हो । तेस्रो : हिन्दु वर्ण व्यवस्थाको शुद्रवर्ग मध्ये दास बनाएर राखेको वर्ग दलित हो । चौथो :छुवाछुतको भावनालाई प्रेरित भएर अछुत जातीको रुपमा दास बनाएर

राखिएको वर्ग दलित हो । पाचौं : श्रम, सीप र कलामा सम्पन्न श्रमजीवी समुदाय नै दलित हो । छैटौं : वर्णाश्रम धर्मका ठेकेदारहरुले आफ्नो उपनिवेश रहेको ठाउँमा मानिसहरुलाई पेशा, व्यवसायको आधारमा अछुत भनी निर्धारण गरेको समूह  नै दलित हो ।

वि.सं. १९१० सालमा राजा सुरेन्द्र विक्रम शाहको शासनकालमा जंगबहादुर राणाद्वारा लागू गरिएको लिखित तथा सहिताकृत कानून मुलुकी ऐनको माध्यमबाट चरम विभेदीकरण गरी राज्यका सम्पूर्ण क्षेत्र, तह र सुविधाबाट बञ्चित गरियो । यसरी जंगबहादुरले लागू गरेको १९१० को मुलुकी ऐनले पनि पानी चल्ने र नचल्ने वा छुन हुने र नहुने जातमा वर्गिकरण गरी जातिय प्रथालाई कानुनी मान्यता प्रदान गऱ्यो । जातकै आधारमा समान अपराधमा असमान दण्ड दिने पनि कानुनी व्यवस्था गरियो । बृहत नेपाली शब्दकोषमा दलितको अर्थ समाजमा हक, इज्जत र प्रतिष्ठा समान रुपले पाउन नसकेको जाती वा समुदाय, समसामयीक व्यवस्थाको असमानताले सोसिएको र पछि परेको समुदाय भनी उल्लेख गरिएको छ । दलित आयोगले दलित जातीलाई पहाडेमूल र मधेसीमूल गरी २ समूहमा विभाजन गरेको छ ।

यस अध्ययनमा विद्यार्थीको शैक्षिक उपलब्धी भन्नाले बालबालिकाहरुको विद्यालयमा उपस्थिती कक्षागत दलित विद्यार्थीको विवरण, विषयगत औसत अंक, कक्षा छाड्ने र उर्तीण दर आदिलाई बुझाउँदछ ।

## १.२ समस्याको कथन

नेपाल बहुजातिय मुलुक हो । यहाँ विभिन्न जातजाती र सम्प्रदायका मानिसहरु बसोबास गर्दछन । यहाँ बसोबास गर्ने मानिसहरुलाई आफुले अपनाएको पेशाको आधारमा वर्गिकरण गरिएको पाइन्छ । यस अध्ययनमा दलित समुदायमा रहेको अन्धविश्वास र जातिय भेदभावले समाजमा आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र धार्मिक रुपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडी पारिएका जातजातीका समुदायलाई दलित वर्ग भनि परिभाषित गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्यहरुमा सामुदायिक विद्यालयमा अध्ययनरत् दलित बालबालिकाहरुको शैक्षिक उपलब्धीस्तर पत्ता लगाउने रहेको छ । यस अध्ययनमा

सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तरमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने शैक्षिक उपलब्धी स्तरमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने रहेको छ । यस अध्ययनमा दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तरको सम्बन्धमा सरोकारहरुको धारणा (दृष्टिकोण)हरु विश्लेषण गर्ने साथै दलित बालबालिकाहरुको शैक्षिक उपलब्धी स्तरमा देखिएका समस्या समाधानको उपायहरु खोजी गर्ने रहेको छ ।
शिक्षा समाजको सम्बाहक हो । शिक्षा नै मानिसको ज्ञानको ज्यातीपुञ्ज हो । शिक्षालाई मानिसको जीवन सार्थक बनाउने र देश विकासको मेरुदण्डको रुपमा लिइन्छ । मानिसको जीवनलाई गुणस्तरीय बनाइ भविष्यमा कर्णधार एवम् राष्ट्रप्रति बफादार असल नागरिक निर्माण गर्ने साधनको रुपमा शिक्षालाई लिइन्छ । त्यसैले शिक्षा विकासमा राष्ट्रले गर्ने खर्च लगानीको रुपमा लिइन्छ ।

वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्याको १२.९७% जनसंख्या दलित समुदायको रहेको पाइएको छ । देशको कुल जनसंख्याको ६५% साक्षरताको तुलनामा दलित समुदायको साक्षरता २२.१% रहेको छ । मानव विकास सुचकांकमा दलित समुदाय निक्कै पछि परेको छ । ११ औ पञ्चवर्षिय योजनाको शुरु तिर ३८% जनताहरु गरिबीको रेखामुनी रहेको र त्यसमा दलितको संख्या अधिक रहेको छ । देशको कुल जनसंख्याको औषत आयु ६३ बर्षको तुलनामा दलित समुदायको औषत आयु ४६ बर्ष मात्र रहेको छ भने अन्य समुदायको तुलनामा प्रतिव्यक्ति आय पनि न्यून रहेको छ । यो समुदायको सरकारी निकायमा प्रतिनिधीत्व नगन्य रुपमा रहेको छ । यो समुदाय भित्रका दलित महिला केटाकेटीहरुको स्थिती नाजुक छ ।

देशका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न राज्यको तर्फबाट समान अवस्था उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे पनि सबै बालबालिकाहरुलाई एकै प्रकारले समान अवसर दिने कार्यबाट अझैपनि प्राथमिक शिक्षा सबैको पहुँचमा पुग्न सकेको छैन । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षालाई व्यक्तिको आर्थिक सामाजिक र व्यक्तिगत विकासको साधनको रुपमा लिएको छ । प्राथमिक शिक्षाले व्यक्तिको उत्पादनशीलता र अर्थतन्त्र पूर्णरुपले समावेश गरेर गरिबी निवारणमा सहयोग पुऱ्याउँछ । प्राथमिक शिक्षा बालबालिकाको विकासको निमित्त निर्णायक अवस्था र माथिल्लो

तहको शिक्षाको निमित्त जग पनि हो । यीनै कुराहरुलाई दृष्टिगत गरी श्री ५ को सरकारले गरिबी निवारण, जीवनस्तर उकास्ने र मानवीय समवेदना विकास गर्ने नीतिको रुपमा प्राथमिक शिक्षालाई अवलम्बन गरेको छ ।

सन् १९९० सालमा बैंककमा सम्पन्न भएको सबैको लागि शिक्षा भन्ने अन्तर्राष्ट्रिय सम्मेलनले सन् २००० सम्म उक्त लक्ष्य हासिल गर्ने प्रतिवद्धता जाहेर गरेकोमा नेपाल लगायत अन्य देशहरुले पनि उक्त लक्ष्य हासिल गर्न नसकेकाले सन् २००२ मा सेनेगलको राजधानी डकारमा अर्को शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन भयो । उक्त सम्मेलनले सन् १९९० मा किटान गरिएको लक्ष्यको प्रगति समीक्षा गरी सन् २०१५ सम्म सबैलाई शिक्षा प्रदान गर्ने ६ वटा लक्ष्यहरु निर्धारण गरी सबै राष्ट्रले प्रतिबद्धता पनि जाहेर गरेका छन । नेपालले उक्त लक्ष्य प्राप्त गर्न कार्ययोजना बनाइ कार्यान्वयनको क्रममा छ । राष्ट्रिय बजेटको करिब १७% शिक्षामा छुट्टयाएको पाइन्छ र त्यसको पनि अधिक प्रतिशत प्राथमिक शिक्षामा खर्च गरेको छ । अनिवार्य प्राथमिक शिक्षाको अवधारणा मुताविक अनिवार्य प्राथमिक शिक्षा लागू गर्ने नीति लिएको छ । विद्यालय उमेरका बालबालिकाहरु मध्ये करिब २०% ले अझै पनि विद्यालयको अनुहार देख्न पाइरहेका छैनन । दलितलाई लक्षित गरी विभिन्न छात्रवृत्ति पनि दिँदै आएको छ । अनौपचारिक शिक्षा मार्फत महिला शिक्षा, प्रौढ शिक्षा, वाल शिक्षा, शिक्षा सदन, चेलिबेटी शिक्षा कार्यक्रमहरु संचालन गरेता पनि दलितहरुको शैक्षिक, सामाजिक, आर्थिक स्तर उठ्न सकेको छैन । सन्तोष गर्ने ठाउँ छैन ।

दलित बालबालिकाहरु शिक्षाको पहुँचमा किन पुग्न सकेनन ? दलितलाई छात्रवृत्तिले किन प्रभाव पार्न सकेन ? उनीहरु शैक्षिक क्षेत्रमा किन पछि परे? उनीहरुको शैक्षिक समस्याहरु के के हुन ? समस्या समाधानका उपायहरु के के हुनसक्छन ? यस्ता पक्षहरुलाई आधार मानेर यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

मनुवादी सामाजिक संरचनाको कारण दलित समुदाय परापूर्वकालदेखि नै सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक तथा शैक्षिक आदि पक्षहरुमा पछाडी पर्दै आएको छ । देश

विकास भनेको सबै जातजातीकै उत्तिकै सहयोग र सहभागितामा मात्र हुन्छ । नेपाली समाजको परिवेशमा जातीय भेदभावबाट उत्पन्न समस्याहरु कायमै रहेको छ । एकातिर यो समुदाय अन्य जातीबाट पिडित छ भने राज्यस्तरबाट पनि अझै उपेक्षित रहेको छ । गरिबी तथा भूमिहीनताको समस्या यो समुदायमा भयावह छ । दलित समूदायको उत्थानको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले विभिन्न कार्यक्रमहरु संचालन गरेका छन । सरकारी स्तरमा दलित बालबालिकाहरुलाई विद्यालयप्रति आकर्षित गर्न राष्ट्रिय छात्रवृत्ति कार्यक्रम अन्तर्गत छात्रवृत्ति पनि प्रदान गरिदै आएको छ ।

वि.सं. २०५४ सालमा उत्पीडित उपेक्षित दलित वर्गको उत्थान विकास समिति र वि.सं. २०५८ सालमा राष्ट्रिय दलित आयोग गठन गरी दलित वर्गको उत्थान र विकासको लागि विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आएको छ । गैर सरकारी संस्थाहरुले दलितहरुलाई सशक्तिकरण गर्ने, जनचेतना जगाउने, आय आर्जनका कार्यक्रमहरु संचालन गर्दै आएका छन । तर जे जस्तो कार्यक्रमहरु संचालन गरे तापनि यो समुदायको कम प्रगति भएको छ । अतः यस अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरुको शैक्षिक उपलब्धी स्तर पत्ता लगाउने ।

२. सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरुको शैक्षिक उपलब्धी स्तरमा प्रभाव पार्ने तत्वहरु खोजी गर्ने ।

३. सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरुको शैक्षिक उपलब्धी स्तर सम्बन्धमा सरोकारवालाहरुको दृष्टिकोण विश्लेषण गर्ने ।

४. सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरुको शैक्षिक उपलब्धी स्तरमा देखा परेका समस्याहरु समाधानका उपायहरु खोजी गर्ने ।

दलितसम्बन्धी योजना बनाउँदा, कार्यक्रम कार्यक्रम कार्यान्वयन गर्दा दलितहरुको वास्तविक समस्या, अवस्था पहिचान नगरी लागू गर्दा अपेक्षित उपलब्धी हासिल हुन नसक्ने भएकोले दलितहरुको वास्तविक अवस्था पहिचान गरी तल्लो स्तरबाट नै योजना बनाउनु पर्दछ अनि मात्र अधिकतम उपलब्धी हासिल गर्न सकिन्छ । यस झापा जिल्ला गौरादह न.पा.को दलित बालबालिकाहरुको प्राथमिक तहको शैक्षिक अवस्था, अध्ययन अनुसन्धान नभएको, अझै पनि

यो समुदाय अन्य समुदायको तुलनामा पछि परेको र पिछडिएको हुनाले यी सब कुराहरुको बोध गर्न एवं योजनाकार कार्यक्रम निर्माता तथा सम्बन्धीत सबैलाई सहयोग पुगोस् भनेर यो अध्ययन गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहनेछन ।

१) दलित बालबालिकाले प्राप्त गरेको विषयगत औषत प्राप्ताङ्क पहिचान गर्ने

२) दलित अभिभावकको आफ्नो बालबालिकाहरुको शिक्षाप्रतिको अवधारणा पत्ता लगाउनु

३) प्राथमिक विद्यालय उमेरका दलित बालबालिकाहरुको शैक्षिक स्थिती (भर्ना अवस्था, ,कक्षागत उपस्थिती, केटाकेटीको अनुपात) पहिचान गर्ने

४) दलित बालबालिकाको शिक्षा प्रतिको अवधारणा पहिचान गर्ने

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययन प्रतिवेदनमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गरिनेछ :

१) प्रत्येक दलित जातिका प्राथमिक तहमा पढ्ने उमेरका विद्यार्थी संख्या कति छन ?

२) दलित बालबालिकाहरुको विद्यालयमा भर्नाको स्थिती कस्तो छ ?

३) दलित बालबालिकाहरको विद्यालयमा उपस्थिती कस्तो छ ?

४) दलित बालबालिकाहरुको विषयगत औषत उपलब्धी कस्तो रहेको छ ?

५) दलित विद्यार्थीहरुको कक्षा छाड्ने दर कति छ ?

६) दलित बालबालिकाहरको अभिभावकको धारणा के छ ?

७) दलित बालबालिकाहरुको शैक्षिक स्तर सुधार्न के गर्नु पर्ला ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन झापा जिल्लाको गौरादह न.पा.का सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक अवस्था अध्ययनमा सीमित हुनेछ । सीमित स्रोत,

साधन, व्यक्तिगत प्रयास एवम् छोटो समयमा सम्पन्न गरिने भएकाले यहाँका सामुदायिक विद्यालयहरुमध्ये ७ वटा विद्यालयमा अध्ययनरत दमाई, सुचीकार, लोहार, मिजार, कामी, चमार, दुसार, मुसहर, सन्थाल, कलवार, चुनार, झाँगर र सार्कीसँग सम्बन्धित रहने छ। प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुको शैक्षिक अवस्थालाई मुख्य आधार मानिने छ। शैक्षिक अवस्था अन्तर्गत दलित विद्यार्थीको भर्नादर, विद्यालयमा उपस्थितीदर, शैक्षिक उपलब्धी, कक्षा छाड्नेदर पर्दछन। यो अध्ययन प्रा.वि. तहका विद्यार्थी, तिनका अभिभावकहरु, प्रा.वि. तहका शिक्षकहरुमा सीमित रहने छ। यस अध्ययनको प्राप्तिहरु तथा सिफारिसहरु अन्य क्षेत्र तथा सन्दर्भमा लागू नहुन पनि सक्नेछ। यस अध्ययनको क्रममा ७ वटा सामुदायिक विद्यालयका दलित बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा हरेक विद्यालयका प्र.अ. लाई अनुसुची १ मा, हरेक विद्यालयका तीनजना प्राथमिक शिक्षकलाई अनुसूची २ मा , २५ दलित अभिभावकहरुलाई अनुसूची ४ मा र ७ वटा सामुदायिक विद्यालयका ४५ जना दलित विद्यार्थीहरुलाई अनुसूची ३ मा प्रश्नावली मार्फत आफ्नो धारणा तथा प्रतिक्रिया लिइएको छ।

# परिच्छेद दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

बर्षौ देखि राज्यको गरिबी र सामाीजक बञ्चितीको मारमा परेका कारण आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, लगायत हरेक दृष्टिले दलित समुदाय पछि परेको छ । मुलुक भित्रका सबै जातजाती, भाषा भाषी भएका विपन्न वर्ग र समुदायको सहभागीता र सहकार्यबाट मात्र देश विकास सम्भव हुने भएता पनि युगौंदेखि दासताको जंजिरमा जकडिएका दलित जातीको विषयमा २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विस्तारको साथै जनता चेतनशील हुन थालेपछि दलितसँग सम्बन्धित आवाज उठ्न थालेदखि नै केहि दलितको विषयमा केहि प्रकाशन भएको र वि.सं. २०४६ सालको जनआन्दोलनबाट पुनःस्थापित बहुदलिय व्यवस्थामा दलित सम्बन्धी विभिन्न संघ, संस्थाहरुको स्थापना र संचार क्षेत्रको द्रुत विकाससँगै दलितलाई संवोधन गरेर थुप्रै प्रकाशनहरु हुन थालेका छन । स्वयं दलितमध्येबाट नै यस सम्बन्धमा थुप्रै तथ्यहरु, पत्रपत्रिका, पुस्तक, लेख, रचना तथा अनुसन्धानात्मक कृतिहरु प्रकाशन हुदै आएको छ । यसरी नेपालमा परम्परादेखि पानी नचल्ने भनी अछुत मानिदै आएका जातीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक तथा शैक्षिक विषयमा पुग्दो अध्ययन गरेको पाइदैन । यस अध्ययन अन्तर्गत तपशिल अनुसारको अनुसन्धान तथा कृतिहरुको सिंहावलोकन गरिएको छ ।

विद्यालय भर्ना गरेको ३०-३५ प्रतिशतसम्म विद्यार्थीले बिचैमा अध्ययन छाड्नु अत्यन्तै चुनौतीपूर्ण अवस्था हो । सबैका लागि शिक्षा भन्ने अवधारणा नीतिगत मात्र रहनु, सामाजिक परिवेशमा जकडिएको सार्की परिवारको आर्थिक अवस्था कमजोर रहनु, बेरोजगारमुखी शिक्षा, सामाजिक भेदभाव एवम् स्वयं सार्कीमा रहेको भावना तथा सम्बन्धित पक्षहरु लक्षित वर्गमा कार्यक्रम लैजाने, आफ्नो क्षेत्रमा कम जिम्मेवार रहनु, सार्की छात्रछात्राको अध्ययनको पहुँच बढाउन नसकिएको जड कारणहरु रहेका छन । यसका लागि सम्बन्धित पक्षहरु अनिवार्य प्राथमिक शिक्षाका लागि प्रतिवद्ध रहनुपर्ने नीति तथा कार्यक्रमहरु लक्षित वर्गमा पुऱ्याउनुपर्ने तथा स्वरोजगारीमूलक अभिभावक कार्यक्रम एवम् आर्थिक स्थिती वृद्धि गरी

सामाजिक चेतनामूलक कार्यक्रमहरु संचालन गरिएको छैन । दलित अभिभावकका छोराछोरीबिचको भेदभाव नगर्ने खालका कार्यक्रमहरु संचालन गरी छात्रा भर्ना एवम् सहभागीता वृद्धि गर्नु नितान्त आवश्यक छ । यसका लागि छात्रवृत्ति कार्यक्रम र रकममा समेत कम भएको छ । साथै सार्कीका बालबच्चालाई कम मात्रामा पढ्नुपर्छ भने भावना जागृत भएको छ । यस वर्गका बालबालिकालाई कुनै संघसंस्थाबाट आर्थिक सहयोग पाएको छैन । सबै सामुदायिक विद्यालयको भौतिक अवस्था पनि राम्रो नहुनु, विद्यालयमा दलित बालबालिकाका अभिभावकलाई शिक्षाप्रति चेतना जगाउने गरेको पाइएन । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका बञ्चित हुनु नपरोस र शिक्षा सर्वसाधारण एवम् दलितको पहुँचमा पुऱ्याउनुपर्छ । जसबाट राष्ट्रमा शैक्षिक विकास भई समग्र राष्ट्रको विकासमा टेवा पुग्न जान्छ ।

नेपालको दलित समुदायको लागि आरक्षकको स्वरुप अध्ययन प्रतिवेदनमा नेपालमा दलित समुदायको आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक लगायतका स्थितीको अध्ययन गर्नु, दलित समुदाय प्रति राज्यका दायित्वको अध्ययन गर्नु, अन्तर्राष्ट्रिय क्षेत्रबाट दलित समुदायको उत्थान तथा मूल प्रवाहिकरणका लागि नेपाललाई तोकिएको दायित्वको अध्ययन गर्नु, जातीय विभेदले पारेको असरको अध्ययन गर्नु, आरक्षण सिद्धान्त र विभिन्न अनुभवहरुको अध्ययन गरी आरक्षणको स्वरुप तयार पार्नु, नेपालमा दलित समुदायको लागि आरक्षणको उपयुक्त पद्धति, प्रणाली सहितको नीति निर्माण गर्ने जस्ता उद्देश्यहरु राखिएका छन ।

दलित समुदायको वर्तमान स्थिती हेर्दा हरेक क्षेत्रमा पिछडिएको छ । नवौं योजनादेखि दलितसम्बन्धी कार्यक्रम ल्याइएको भए तापनि प्रचलित कानुनद्वारा प्रत्याभुत गरिएको अधिकारहरुको न्यून उपभोगबाट दलित समुदायको उत्थानको लागि थप योजना कार्यक्रम तथा आरक्षणको व्यवस्था भएको छ । आरक्षणले दलित समुदायलाई मूल प्रवाहिकरणमा मद्दत, प्रतिनिधीत्व र सहभागितामा वृद्धि गराई दलितको दीर्घकालिन रुपमा हरेक क्षेत्रमा नेतृत्व विकास र उत्थान गरिएको छैन । वर्तमान अवस्थामा सार्वजनिक पदमा मात्र आरक्षण गरेर नपुग्ने हुनाले निजी क्षेत्रका साथै राजनैतिक, शैक्षिक, आर्थिक क्षेत्रमा पनि आरक्षण आवश्यक छ । आरक्षणको उपभोग वास्तविक रुपमा पिछडिएको वर्गको लागि उपभोग योग्य

बनाउन शसक्तिकरण र लोककल्याणकारी योजना तथा कार्यक्रम ल्याउनु पर्छ । आरक्षणको प्रभावकारी कार्यान्वयनको लागि कार्य विधिगत तथा संस्थागत संरक्षण हुन अत्यावश्यक छ । समय समयमा आरक्षणको अनुगमन हुनु जरुरी छ साथै आरक्षण आवधिक बनाउदा पर्याप्त छलफल हुनुपर्छ । अन्य व्यक्तिले उपभोग गरेमा कडा फोजदारी सजायको व्यवस्था हुनुपर्छ । पिछडिएको वर्ग, समुदायको उत्थानको लागि सामाजिक न्याय, सशक्तिकरण र मुलप्रवाहीकरण मन्त्रालय स्थापना गर्नुपर्ने देखिन्छ । सार्वजनिक सेवा तथा पदहरु र अन्य क्षेत्रमा दलित समुदायको प्रतिनिधित्व, सहभागिता तथा नेतृत्वको अवस्था बारे अध्ययन गरिनुपर्ने आदि कुराहरु सुझावका रुपमा प्रस्तुत गरिएको पाइन्छ ।

भारत र नेपालमा जो हिन्दु राज्यको रुपमा घोषित हुन त्यही त्यही जातिय भेदभाव र छुवाछुत ज्वलन्त रुपमा रहेको छ । प्राचिन समयबाटै शुरु भएको जातीय छुवाछुतबाट दलितहरु सबैभन्दा पीडित भएका छन । अछुत पारिएका जातिहरु भित्र पनि छुत र अछुत रहेको पाइयो । जातीय छुवाछुतलाई न्यूनीकरण गर्न राजनैतिक पार्टीले चुनावी घोषणा पत्रमा दलितलाई लक्षित गरेपनि चुनावी नारामा मात्र सीमित गरेको छ । नेपालमा कानुनमा रहेको प्रावधानलाई सरकारले कार्यान्वयन गरेको छैन, त्यसैले गरिएको भएता पनि कार्यान्वयन भएको छैन । दलितको वास्तविक अवस्था झल्कने गरी दलित समस्याको पूर्ण समाधान गर्न नयाँ राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनुपर्ने, प्रगतिशिल आरक्षणको अनिवार्य व्यवस्था गरिनुहा साथै गैर दलितको लागि पनि कार्यक्रम तयार गरी कार्यान्वयन गरिनु पर्छ । सार्वजनिक रुपमा छुवाछुतको व्यवहार गर्ने वा पक्षपोषण गर्नेहरुको लागि नयाँ कानुनी व्यवस्था गर्नुपर्छ । अन्र्तजातिय विवाहलाई सरकारी तबरबाटै प्रोत्साहन र संरक्षण गर्नुपर्दछ ।

जातीय भेदभावलाई बढवा दिने खालका पाठ्यक्रम, पुस्तक, पत्रपत्रिका र संचारमाध्यमलाई हटाउनु पर्दछ । गाउँ र शहरका प्रत्येक बस्तीमा जातीय भेदभाव र छुवाछुत विरोधी सभा, गोष्ठि, डकुमेन्ट्रि  फिल्म, पोष्टर तथा प्रचार प्रसार गरिनुपर्छ । राज्यबाट दलित र गैर दलित तालिका सामाजिक सम्मेलन गरिनु पर्छ । नागरिकताको प्रमाणपत्र लिँदा र विद्यालयमा नाम लेखाउँदा पेशासँग सम्बन्धित जाती सूचक पहिचान लेख्ने बाध्यतालाई अन्त्य गरिनु पर्दछ । समाजमा पढेलेखेका र बुद्धिजीबी र समाजसेवी भन्नेहरुबाट पानी अचल भनिएकाबाट पानी

चलाइ दिएर जनतालाई नमुना दिनु पर्छ । राजनितीमा गाउँदेखि केन्द्रसम्म दलित समुदायको प्रतिनिधित्व गरिनुपर्छ । समाजका अन्य व्यक्तिसँग प्रतिस्पर्धा गर्ने हिम्मत राख्नु पर्दछ । विना भेदभाव योग्यताका आधारमा कर्मचारी छनौट गरिनुपर्छ । जातीय छुवाछुत हटाउनका लागि मानव अधिकारका अन्तर्राष्ट्रिय, क्षेत्रिय र राष्ट्रिय सिद्धान्तलाई मान्यता दिनु पर्दछ । राज्यपक्ष, नागरिक समाज र विभिन्न गैर सरकारी संस्थाहरुले जातीय छुवाछुत अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुपर्छ । दलित समुदायको आर्थिक पक्षमा सुधार गर्ने कार्यक्रम संचालन गरिनु पर्छ ।

दलित समुदायको सीप, अनुभव र सिर्जनशिलतालाई वृद्धि गर्दै उनीहरुको व्यक्तित्व विकास गर्ने वातावरण सिर्जना गर्नुपर्छ । दलित समुदायको परम्परा र संस्कृतिको संरक्षण र खोजी गर्दै राष्ट्रिय संस्कृतिको संरक्षणात्मक विकास गर्नुपर्छ । दलित समुदायको विकासको लागि स्थानिय निकायमा निश्चित प्रतिशत बजेट तयार पारी कार्यान्वयनमा ल्याउनु पर्छ । दलितलाई पेशा, व्यवसाय संचालन गर्न सर्वसुलभ ऋण प्रवाह गरिनु पर्दछ । दलित समुदायका विद्यार्थीलाई उच्च तहसम्म छात्रवृत्ति प्रदान गरिनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरेको छ ।

### २.१.१ मानव सम्बन्धको सिद्धान्त

इल्टन मायोको सिद्धान्तको अनुसार संगठनमा उत्पादकत्व बढाउन कामदारलाई कडा निर्देशन, नियन्त्रण गरेर नभई आपसी समझदारी र सामाजिक भावनाको विकास गरी समन्वयात्मक ढंगबाट व्यवस्थापन गर्नुपर्छ भन्ने धारणा राखेका छन । जब बत्तिको उज्यालो वृद्धि भएर जान्छ त्यसको प्रभाव उत्पादनमा पनि वृद्धि हुदै जाने र बत्तीको उज्यालो घट्दै जाँदा उत्पादन पनि घट्ने नभइकन अझ बढदै जाने हुन्छ किनकी कामदारमा भएको अन्तरव्यक्तिको सम्बन्ध र उत्प्रेरणा हो । जसलाई सञ्चारले प्रभाव पारेको हुन्छ । कामदार व्यक्तिगत नभइकन सामूहिक रुपमा कार्य गर्न मन पराउँछ । व्यक्ति सामूहिक हित र स्वार्थलाई संरक्षण गर्न रुचाउँछ र आफूलाई पनि त्यहि व्यवहारको अपेक्षा गर्दछ ।  आर्थिक पक्ष, सामाजिक सम्बन्ध र मूल्य मान्यताले काम गर्ने स्वतन्त्रताले उत्पादनमा वृद्धि गर्दछ र कामदार नेतृत्वमा जोड दिएका छन ।

मानिस एउटा सामाजिक प्राणी हो । सबैजना समाजमै बसेका हुन्छन । हाम्रो समाजलाई जातिय विभाजनले ठूलो प्रभाव पारेको छ । दलित परिवालाई कुनै सामाजिक कार्यक्रम वा संचारमा सहभागी गराएको पाइदैन । त्यसको प्रभाव उनीहरुको शिक्षासँग आएर जोडिएको छ । विद्यालय पनि एउटा उत्पादन क्षेत्र हो । यसमा सामाजिक भावनाको विकास हुनु पर्दछ । बरु बत्ति विना काम गर्न सक्दछ । व्यक्ति सामूहिक हितको पक्षमा हुन्छ र अरुबाट पनि आफूमा त्यहि अपेक्षा राख्दछ । तर हाम्रो समाजमा दलितलाई सामूहिक व्यक्तिको रुपमा लिइएको छैन । त्यसको प्रभाव उनीहरुको छोराछोरीको शिक्षामा परेको छ ।

### २.१.२ उत्प्रेरणाको सिद्धान्त

मास्लोले मानिसका आवश्यकतालाई पाँच चरणमा बाँधिएका छन । ती आवश्यकताहरु चरणबद्ध रुपमा पूरा हुँदै गएमा संगठनको उत्पादकत्व धेरै बढ्न जाने मान्यता रहेको छ । कुनै एउटा विषयले मात्रै मानिसको व्यवहारको निर्धारण गर्दैन आवश्यकताहरु श्रृंखलाबद्ध हुन्छ । तल्लो तहको आवश्यकता पूरा हुन साथ अर्को आवश्यकताको महसुस हुन्छ। मानिस प्रथम शारिरीक आवश्यकता पूरा गर्न कम्पनीमा काम गर्छ । त्यसपछि सुरक्षाको महसुस गर्छ । जीवनमा भयबाट मुक्त हुने गरी सामाजिक सुरक्षाको प्रत्याभूति पाएपछि मात्रै ऊ कार्यमा जागरुप हुन्छ । पैसा र सुरक्षा भएपछि समाजमा आफूलाई समाहित गराउने लालचमा कार्यरत हुन्छ । मानिस स्वाभिमानी प्रकृतिको भएकाले स्वह सम्मान खोज्छ र अरुबाट सम्मानित हुन चाहान्छ । व्यवसायीक संगठनमा व्यवस्थापकले कर्मचारीको विशेष कामको कदर गरेर प्रशंसा वा विशेष पुरस्कार दिएर कर्मचारीमा भएको आवश्यकता पूर्ति गरी उत्प्रेरीत गराउन सकेमा उत्पादन वृद्धि हुन्छ ।

विद्यालय पनि एउटा उत्पादक संस्था हो । यसको उत्पादन बढाउन यहाँ कार्य गर्ने विद्यार्थी, शिक्षक, अभिभावक प्रमुख कामदारको रुपमा रहेका छन । अभिभावकको आवश्यकता मास्लोले भने जस्तो चरणबद्ध रुपमा नै पाइन्छ । शारिरीक आवश्यकता पूरा नभइकन अन्य आवश्यकतामा जान सकिदैन । अनि कसरी बालबालिकालाई विद्यालयमा प्रवेश गराउन सक्लान ? जो दलित अभिभावक छन उनीहरुको सुरक्षाको व्यवस्था छैन । समाजमा

सम्मानजनक चिनारी, कामको इज्जत नभएका कारणले आफ्‌ना छोराछोरीहरुलाई विद्यालयमा पठाउन उत्प्रेरित छैनन ।  दलित परिवारमा आत्मसन्तुष्टिको स्थिती पाइन्न । जे गरे पनि आफूलाई हिनताबोधको भावनाले लिन्छन । जसरी कम्पनी फाइदामा जानका लागि कर्मचारी सन्तुष्ट हुनुपर्दछ त्यस्तै दलित बालबालिका, अभिभावक र शिक्षकहरुमा शिक्षाप्रतिको उत्प्रेरणा जाग्नु पर्छ ।

## २.२ पुनरावलोकनको उपादेयता

कुनै पनि अनुसन्धान गर्दा त्यससँग सम्बन्धित साहित्यको अध्ययनबाट सो अध्ययनलाई कसरी क्रमबद्ध ढंगले अगाडी बढाउने शैक्षिक विचलन कसरी रोक्ने भन्ने कुरा प्रष्ट गरिएको छ । यहाँ सम्बन्धित अध्ययन भन्नाले त्यस विषयवस्तुसँग उस्तै मिल्ने वा अध्ययनलाई मद्दत पुग्ने साहित्यको अध्ययन भन्ने बुझिन्छ ।अध्ययन अनुसन्धान गर्दा अनुसन्धानसँग सम्बन्धित विभिन्न खालका किताब, पत्रपत्रिका, लेखरचना, अनुसन्धानमुलक प्रतिवेदनहरुको सहायताबाट आफ्नो अध्ययन अनुसन्धान कार्य गर्दा कुन क्षेत्रलाई समेट्‌ने के कस्ता उद्देश्य परिपूर्ति गर्ने कुन विधि अपनाउने तथ्यांक संकलनमा के कस्ता साधनहरुको प्रयोग गर्न सकिन्छ । नमुना छनौट कसरी गर्ने, तथ्यांकीय विश्लेषण र प्रस्तुतीकरणका साथै सारांश, निश्कर्ष र सुझावहरुको सम्बन्धमा आवश्यक सहयोग एवम् निर्देशन प्रदान गरेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन सर्वेक्षण विधिमा आधारित छ । यो अनुसन्धानका लागि आवश्यक पर्ने विवरणहरु अनुसन्धानकर्ता स्वयं विद्यालयमा उपस्थित भएर प्र.अ. शिक्षक र विद्यार्थीहरुसँग प्रश्नावली भराएको थियो । त्यसरी नै अभिभावकको घरघरमा पुगेर प्रश्नावली भराउनुको साथै छलफल र अर्न्तक्रिया गरेको थियो । यो अध्ययनमा संख्यात्मक र गुणात्मक दुवै तथ्यांक विद्यालयको अभिलेख तथा द्वितीय स्रोतबाट पनि संकलन गरी मिश्रीत ढाँचा प्रयोग गरिएको थियो ।

## ३.२ अध्ययनका लागि छनौट जनसंख्या

अध्ययन क्षेत्रको जनसंख्याको रुपमा गौरादह न.पा.का सबै सामुदायिक विद्यालयहरुलाई लिइएको छ । ती विद्यालयहरुमा कार्यरत शिक्षक, दलित विद्यार्थी र तिनका अभिभावकहरुलाई उत्तरदाताको रुपमा लिइएको थियो । गौरादह नगरपालिका भित्र २ उच्च माध्यमिक विद्यालय ३ आधारभूत विद्यालय र ७ प्राथमिक विद्यालय संख्या रहेका छन । जसमा अध्ययनरत प्राथमिक तहमा अध्ययनरत ४५ जना दलित विद्यार्थीहरु, २५ जना अभिभावक, प्रत्येक विद्यालयका प्रधानाध्यापक जम्मा ७ जना र जम्मा २५ जना शिक्षकहरुलाई छनौट गरिएको छ ।

## ३.३ नमुना छनोट प्रकृया

गौरादह न.पा.को कुल १२ वटा सामुदायिक विद्यालयहरुबाट ६०% विद्यालयहरु नमुनाको लागि लिइएको थियो । विद्यालयहरुलाई मा.वि., नि.मा.वि. र प्रा.वि.को समूह बनाइ उच्च मा.वि. २ वटा, नि.मा.वि.बाट २ र प्रा.वि.बाट ३ वटा Stratifield Random sampling

विधिबाट नमुना छनौट गरिएको थियो । यस अध्ययनमा हरेक विद्यालयका प्र.अ. लाई अनुसुची १ मा, हरेक विद्यालयका तीनजना प्राथमिक शिक्षकलाई अनुसूची २ मा , २५ दलित अभिभावकहरुलाई अनुसूची ४ मा र ७ वटा सामुदायिक विद्यालयका ४५ जना दलित विद्यार्थीहरुलाई अनुसूची ३ मा प्रश्नावली मार्फत आफ्नो धारणा तथा प्रतिक्रिया लिइएको छ ।

## ३.४ अध्ययनका साधन

यो अध्ययनमा निम्नानुसारका साधन प्रयोग गरिएको छ ।

### ३.४.१ अध्ययनका प्रश्नावली :

शिक्षक र दलित विद्यार्थीहरुको लागि खुल्ला प्रश्नावली र अभिभावकहरुको लागि बन्द प्रश्नावली प्रयोग गरिएको छ । (प्रश्नहरुको नमूना अनुसूची १, २, ३ र ४ मा दिइएको छ ।)

### ३.४.२ अनौपचारिक छलफल :

शिक्षक, अभिभावक तथा विद्यार्थीहरुसँग अनौपचारिक छलफल तथा अन्तरक्रिया गरी बुँदा टिपोट गरिएको थियो ।

### ३.४.३ विद्यालयको अभिलेख अध्ययन :

विद्यालयहरुको स्थलगत अध्ययन गरेर अभिलेखहरु अध्ययन गरिएको थियो ।

### ३.४.४ द्वितीय स्रोतबाट पनि तथ्यांक संकलन गरिएको थियो ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया

जुनसुकै विषयको अध्ययनमा पनि तथ्यांक संकलन प्रकृयाको (प्रविधि) महत्वपूर्ण स्थान रहन्छ । अध्ययनको सत्यता र वैधता तथ्यांक संकलन प्रविधिमा भर पर्दछ । शिक्षक, दलित विद्यार्थी तथा अभिभावकसँग अर्न्तक्रिया र छलफल गरी तयार पारिएको थियो ।

विद्यालय तथा विभिन्न संघसंस्थाहरुबाट प्राप्त अभिलेख अध्ययन गरी द्वितीय स्रोतबाट पनि तथ्यांक संकलन गरिएको थियो ।

## ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

यो अध्ययनमा प्र.अ., शिक्षक, दलित विद्यार्थी तथा तिनका अभिभावकहरुसँग अर्न्तक्रिया, प्रश्नावली भराई तथा पत्रपत्रिका, लेखरचना, पुस्तक आदिबाट संकलन गरिएका संख्यात्मक तथा गुणात्मक तथ्यांकहरुलाई तालिकीकरण गरेर व्याख्यात्मक पद्धति पनि अपनाइने भएतापनि विवरणात्मक पद्धति पनि अपनाइएको छ । गुणात्मक र संख्यात्मक तथ्यांकलाई आवश्यकता अनुसार प्रस्तुती गरिएको छ । कुनै गणितीय सुत्र प्रयोग गरिएको छैन ।

# परिच्छेद चार :
# नतिजाको व्याख्या र विश्लेषण

तथ्यांकको व्याख्या तथा विश्लेषण भन्नाले अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले प्रश्नोत्तर, प्रत्यक्ष छलफल तथा अवलोकन आदिको प्रयोग गरी संकलन गरिएका तथ्यांकहरुलाई व्याख्यात्मक तथा वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

यो अध्ययन प्राथमिक विद्यालय उमेर समूहका दलित बालबालिकाहरुको शैक्षिक विकास कसरी हुन्छ ? यसमा अभिभावक र शिक्षकहरुको भूमिका कस्तो रहन्छ ? तथा सामाजिक विकासमा प्रभाव पार्ने तत्वहरु के के हुन ? भन्ने सम्बन्धमा केन्द्रीत भई अनुसन्धान कार्य सम्पन्न गरिएको छ । यसका लागि आवश्यक पर्ने पूरा सूचना, तथ्य, तथ्यांक संकलन गर्न प्रश्नावली निर्माण गरिएको छ । निर्माण गरिएका साधनहरुको प्रयोग गरी अपेक्षित उद्देश्य पूरा गर्न अध्ययनबाट प्राप्त सूचनाहरुलाई विश्लेषण गरिएको छ । आवश्यक विश्लेषण तथा व्याख्या गरी अध्ययनबाट प्राप्त सूचनाहरुलाई संयोजन तथा पूर्णता दिने कोशिस गरिएको छ । प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र गा.वि.स.बाट प्राप्त सूचनाहरुलाई तालिकाको निर्माण गरी फरक-फरक तालिकामा प्रस्तुत गरिएको छ । साथै उक्त तालिकाका आधारमा प्राप्त सूचनाहरुको विश्लेषण गरिएको छ । जुन यसप्रकार रहेको छ :

## ४.१ दलित बालबालिकाहरुको शैक्षिक स्थिति

नमूना छनौटमा परेको न.पा. र विद्यालयका दलित बालबालिकाको शैक्षिक स्थिति पत्ता लगाउन निम्न अनुसारका उपशीर्षकमा विभाजन गरी पूर्णता दिइएको छ ।

### ४.१.१ प्राथमिक तह उमेरका दलित बालबालिकाको संख्या

गौरादह न.पा.मा प्राथमिक तहमा अध्ययन गर्ने उमेर समूहका बालबालिकाको तथ्यांक निम्नानुसार रहेको छ ।

**तालिका ४ : प्राथमिक तह उमेरका दलित बालबालिकाको संख्या**

| जाति | जम्मा जनसंख्या | | | विद्यालय जानेको संख्या | | | विद्यालय नजानेको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| दमाई | १६ | २४ | ४० | १५ | २१ | ३६ | १ | ३ | ४ |
| कामी | ९ | १४ | २३ | ९ | १२ | २१ | - | २ | २ |
| झाँगर | ५ | ८ | १३ | ४ | ७ | ११ | १ | १ | २ |
| सार्की | ५ | ४ | ९ | ५ | ३ | ८ | | १ | १ |
| सन्थाल | १२ | १४ | २६ | १० | १० | २० | २ | ४ | ६ |
| सूचिकार | ३ | ४ | ७ | ३ | ४ | ७ | - | - | - |
| मुसहर | ५ | ३ | ८ | ४ | ३ | ७ | १ | - | १ |
| मिजार | १ | ५ | ६ | १ | ४ | ५ | - | १ | १ |
| दनुवार | ४ | ५ | ९ | ४ | ५ | ९ | - | - | - |
| अन्य | १० | १४ | २४ | ९ | १२ | २१ | १ | २ | ३ |
| जम्मा | ७० | ९५ | १६५ | ६४ | ८१ | १४५ | ६ | १४ | २० |
| प्रतिशत | ४२.४२ | ५७.५८ | १०० | ९१.४२ | ८५.७२ | ८६.८६ | ८.५८ | १४.३७ | १३.१४ |

स्रोत : स्थलगत अध्ययन

माथिको तालिकामा ५ देखि ९ बर्षसम्मका जम्मा १६५ जना दलित बालबालिकामध्ये केटा ७० जना (४२.४२%) र केटी ९५ जना (५७.५८%) रहेका छन । जसमा ६४ जना केटा (९१.४२%) र केटी ८१ जना (५०.७२%) विद्यालय गएको पाइन्छ भने केटा ६ जना(८.५७%) र केटी (१४.३७%) विद्यालयभन्दा बाहिर देखिन्छ ।

## ४.१.२ शैक्षिकसत्र २०७१ र ०७२ को दलित विद्यार्थीको भर्नाको स्थिति

गौरादह न.पा. अन्तर्गतका सामुदायिक विद्यालयको प्रा.वि. तहमा अध्ययनरत विद्यार्थीहरुको भर्नाको स्थिति अध्ययन गर्न सोधकर्ता आफै विद्यालयमा गई कक्षागत रुपमा विवरण

संकलन गरेको थियो । यस न.पा.मा अवस्थित विद्यालयहरुमा शै.सत्र २०७१ र शै.सत्र २०७२ मा तलको तालिका अनुसार विद्यार्थीहरु रहेको देखिन्छ ।

**तालिका ५ : दलित विद्यार्थीको भर्नाको तुलनात्मक स्थिति**

शैक्षिक बर्ष २०७१

| क्र.सं. | विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | डोरामारी उ.मा.वि. | ३ | २ | ३ | ४ | १ | २ | १ | १ | २ | | १० | ९ |
| २ | स्कूलचौन उ.मा.वि. | २ | १ | १ | ३ | २ | ३ | १ | २ | ५ | १ | ११ | १० |
| ३ | भीमसेन नि.मा.वि. | | २ | १ | १ | २ | ३ | ५ | ६ | १ | | ९ | १२ |
| ४ | कञ्चनजंघा प्रा.वि. | १ | २ | २ | ३ | | ३ | २ | १ | ३ | १ | ८ | १० |
| ५ | जनता प्रा.वि. | १ | | २ | १ | १ | १ | | २ | १ | २ | ५ | ६ |
| ६ | मदनआश्रित प्रा.वि. | ३ | | २ | ४ | | | १ | १ | २ | १ | ८ | ६ |
| ७ | जनज्योती प्रा.वि. | १ | १ | १ | २ | ३ | १ | २ | १ | | १ | ६ | ७ |
| | जम्मा | ११ | ८ | १२ | १८ | ९ | १३ | १२ | १४ | १४ | ६ | ५८ | ५९ |
| | प्रतिशत | ५७.९ | ४२.१ | ४० | ६० | ४०.९ | ५९.१ | ४६.२ | ५३.८ | ७० | ३० | ४९.६ | ५०.४ |
| | जम्मा | १९ | | ३० | | २२ | | २६ | | २० | | ११७ | |
| | प्रतिशत | १६.२३ | | २५.६४ | | १८.८० | | २२.२२ | | १७.०९ | | १०० | |

स्रोत विद्यालय तथ्यांक

तालिका ५ अध्ययन गर्दा शैक्षिक सत्र २०७१ मा कक्षा १-५ मा जम्मा ११७ जना दलित विद्यार्थीहरु मध्ये केटाको संख्या ५८ (४९.६०%) र केटीको संख्या ५९ (५०.४०%) रहेको छ । कक्षागत सहभागिता हेर्दा कक्षा १ को १९ (१६.२३%), कक्षा २ को ३० (२५.६४%), कक्षा ३ को २२ (१८.८०%), कक्षा ४ को २५ (२२.२२%) र कक्षा ५ को २० (१७.०९%) रहेको देखिन्छ । कक्षागत सहभागिता कक्षा २ र कक्षा ४ को अवस्था तुलनात्मक रुपमा बढी देखिन्छ । कक्षागत रुपमा केटा र केटीको सहभागिता हेर्दा कक्षा १ मा केटाको ११ (

५७.९%), केटी ८ (४२.१%), कक्षा २ केटा १२ (४०.०%) केटी १८ (६०.०%), कक्षा ३ मा केटा ९ (४०.९%) केटी १३ (५९.१%), कक्षा ४ मा केटा १२ (४६.२%) केटी १४ (५३.८%) र कक्षा ५ मा केटा १४ (७०.०%) केटी ६ (३०.०%) रहेको देखिन्छ भने जम्मा विद्यार्थीमा केटा ५८(४९.६%) र केटी ५९ (५०.४%) रहेको पाइयो ।

**तालिका ६ : दलित विद्यार्थीको भर्नाको तुलनात्मक स्थिती (शै.स. २०७२)**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | डोरामारी उ.मा.वि. | ३ | ३ | ४ | २ | ३ | १ | २ | १ | | ३ | १२ | १० |
| २ | स्कूलचौन उ.मा.वि. | ४ | २ | ३ | ५ | १ | ३ | २ | ४ | १ | ३ | ११ | १७ |
| ३ | भीमसेन नि.मा.वि. | ३ | ४ | २ | ४ | ४ | १ | ५ | १ | | १ | १४ | ११ |
| ४ | कञ्चनजंघा प्रा.वि. | | २ | १ | २ | २ | १ | १ | ३ | २ | ३ | ६ | ११ |
| ५ | जनता प्रा.वि. | ३ | ४ | | २ | ३ | १ | २ | १ | ३ | ४ | ११ | १२ |
| ६ | मदनआश्रित प्रा.वि. | ३ | | २ | १ | २ | १ | १ | ३ | २ | १ | १० | ६ |
| ७ | जनज्योती प्रा.वि. | ३ | १ | १ | ४ | २ | ३ | २ | ४ | १ | ६ | ९ | १५ |
| | जम्मा | १९ | १६ | १३ | २० | १७ | ११ | १५ | १७ | ९ | १८ | ७३ | ८२ |
| | प्रतिशत | ५४.३ | ४५.७ | ३९.४ | ६०.६ | ६०.७ | ३९.३ | ४६ | ५३.१ | ३३.३ | ६६.७ | ४७.१ | ५२.९ |
| | जम्मा | ३५ | | ३३ | | २८ | | ३२ | | २७ | | १५५ | |
| | प्रतिशत | २२.५८ | | २१.२९ | | १८.०७ | | २०.६४ | | १७.४१ | | १०० | |

तालिका नं. ६ मा उल्लेख भएअनुसार शै.स. २०७२ मा कक्षा १-५ मा जम्मा १५५ विद्यार्थीहरु मध्ये केटाको संख्या ७३ (४७.१%) र केटीको संख्या ८२ (५२.९%) रहेको पाइयो । कक्षागत सहभागिता हेर्दा कक्षा १ को सहभागिता ३५ (२२.५८%), कक्षा २ को ३३ जना (२१.९२%) कक्षा ३ को २८ (१८.०४%), कक्षा ४ को ३२ (२०.६४%) र कक्षा ५ को २७ (१७.४१%) रहेको पाइयो । कक्षागत सहभागितालाई अध्ययन गर्दा कक्षा १ मा सबैभन्दा बढी र अन्य कक्षामा लगभग बराबरी जस्तो देखिन्छ ।

कक्षागत रुपमा केटी र केटाको सहभागितालाई अध्ययन विश्लेषण गर्दा कक्षा १ मा केटाका संख्या १९ (५४.३%) र केटीको १६ (४५.७%), कक्षा २ मा केटा १३ (३९.४%) र केटी २० (६०.६%), कक्षा ३ मा केटा १७ (६०.७%) र केटी ११ (३९.३%), कक्षा ४ मा केटा १५ (४६.९%) र केटी १७ (५३.१%) र कक्षा ५ मा केटा ९ (३१.३%) र केटी १८ (६६.७%) रहेको देखिन्छ ।

## ४.१.३ शैक्षिक सत्र २०७१ र २०७२ को तुलनात्मक विवरण

दलित विद्यार्थीको शैक्षिक सत्र २०७१ र २०७२ को तुलनात्मक विवरण यस प्रकार रहेको पाइयो ।

| कक्षा | २०७१ | | | | २०७२ | | | | बढेको/ घटेको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | प्रतिशत | केटा | केटी | जम्मा | प्रतिशत | | |
| १ | ११ | ८ | १९ | १६.२३ | १९ | १६ | ३५ | २२.५८ | ८४.२ | बढेको |
| २ | १२ | १८ | ३० | २५.६४ | १३ | २० | ३३ | २१.२९ | १०.० | बढेको |
| ३ | ९ | १३ | २२ | १८.८० | १७ | ११ | १५ | १८.०७ | (३१.८) | घटेको |
| ४ | १२ | १४ | २६ | २२.२२ | १५ | १७ | ३२ | २०.६४ | २३.१ | बढेको |
| ५ | १४ | ६ | २० | १७.०९ | ९ | १८ | २७ | १७.४१ | ३५.० | बढेको |

स्रोत : स्थलगत अध्ययन

माथिको तालिका ७ को तुलनात्मक अध्ययन गर्दा शैक्षिकसत्र २०७०-७१ को विद्यार्थीको संख्या शैक्षिक सत्र २०७१ मा भन्दा ०७२ मा कक्षा १ मा ८४.२%, कक्षा २ मा १०.०%, कगा ३ मा २३.१%, कक्षा ५ मा ३५.०% ले बढेको देखिन्छ भने कक्षा ३ मा ३१.८% ले घटेको पाइयो । शैक्षिक सत्र २०७२ मा कक्षा १ मा सबैभन्दा बढी र अन्य कक्षाहरुमा सामान्य रुपमा विद्यार्थी भर्ना भएको पाइयो ।

## ४.१.४ दलित विद्यार्थीको उपस्थिति (प्रतिशतमा)

विद्यालयमा अध्ययन गर्ने दलित बालबालिकाको उपस्थितिको अवस्था बुझ्न स्थलगत भ्रमण गरेर शै.स. २०७१ र २०७२ को वैशाखदेखी पौष सम्मको जम्मा ८ महिनाको विद्यार्थी हाजिरी अभिलेख अध्ययन गर्दा विद्यार्थीहरुको उपस्थिति निम्नानुसार पाइयो ।

तालिका ८ : विद्यार्थीको उपस्थिति शैक्षिक सत्र २०७१

| क्र.सं. | कक्षा | वैशाख | जेठ | असार | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २५.१ | ५८.७ | ५५ | ५१.१ | ५६.८ | ५५.८ | ६०.१ | ५५.२ | ५२.७ |
| २ | २ | ३६.२ | ५९.२६ | ६१.२५ | ५२.७ | ५३.८ | ५९.४ | ७९.७ | ६०.१५ | ५०.२८ |
| ३ | ३ | ४० | ६१.५ | ६७.८ | ५०.१ | ६६.३४ | ५२.२ | ७६.७ | ५७.८ | ५१.८३ |
| ४ | ४ | ४२.१ | ७९.६ | ७६ | ५६.५ | ५०.७ | ४१ | ८५.७ | ५८.५ | ६१.६२ |
| ५ | ५ | ५८.३ | ७२.६ | ६९ | ५४.७८ | ७३ | ५४.१ | ७९ | ७० | ५७.५९ |
| औषत | | ४०.३४ | ६६.६३ | ६५.८१ | ५३ | ६०.१ | ५२.५ | ७६.२४ | ६०.३३ | |

स्रोत : स्थलगत अध्ययन

माथिको तालिका ८ को दलित विद्यार्थीहरुको उपस्थितिलाई अध्ययन विश्लेषण गर्दा शैक्षिकसत्र २०७१ प्रारम्भ भएदेखि ८ महिनासम्मको उपस्थितिमा कक्षा १ को औसत उपस्थिति ५२.७%, कक्षा २ को ५०.२८%, कक्षा ३ को ५१.८३%, कक्षा ४ को ६१.६२% र कक्षा ५ को ५७.५९% औसत उपस्थिति रहेको पाइयो । कक्षागत रुपमा उपस्थितिलाई हेर्दा कक्षा २ मा सबैभन्दा कम औसत उपस्थिति र कक्षा ४ मा सबैभन्दा बढि उपस्थिति रहेको पाइएको छ । मासिक रुपमा कक्षा १-५ को उपस्थिति अध्ययन विश्लेषण गर्दा शैक्षिक सत्रको आरम्भ हुने वैशाख महिनामा सबभन्दा कम ४०.३४%,जेठमा ६३.३३%, असारमा ६५.८१%, भाद्रमा ५३.००%, आश्विनमा ६०.०१%, कार्तिकमा ५२.०५%, मंसिरमा ७६.२४% र पौषमा ६०.३३% देखिन्छ । विद्यार्थीहरुको उपस्थिति मंसिर महिनामा सबभन्दा बढि रहेको पाइयो ।

तालिका ९ : विद्यार्थीको उपस्थिति शैक्षिक सत्र २०७२

| क.सं. | कक्षा | वैशाख | जेठ | असार | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४३.२ | ५२ | ५७.१ | ५३.३ | ५९.८ | ५२.१ | ६३.१ | ६२ | ५५.३७ |
| २ | २ | ४८ | ७३.९ | ७८ | ७३.१ | ६३ | ५१.१ | ६५ | ५९ | ५६.५१ |
| ३ | ३ | ४७ | ६१.८ | ६४.५ | ६४.५ | ६८.६ | ६७.५ | ७५.५ | ७१.३ | ६५.०८ |
| ४ | ४ | ४४.३ | ७३.५ | ७० | ७० | ६३.२ | ५७.२५ | ७१.३ | ६६.५ | ६४.५ |
| ५ | ५ | ६६.४ | ७०.२ | ७१ | ७३ | ६७.५ | ४१.४ | ६४.३ | ६४.३ | ६४.७८ |
| औषत | | ४९.७८ | ६६.२८ | ६८.१ | ६६.७८ | ६४.४२ | ५३.८७ | ६८ | ६४.६२ | |

स्रोत : स्थलगत अध्ययन

माथिको तालिका ९ शै.स. २०७२ मा दलित विद्यार्थीहरुको उपस्थितिलाई अध्ययन गर्दा कक्षागत औसत उपस्थिति कक्षा १ को ५५.३७%, कक्षा २ को ५६.५१%, कक्षा ३ को ६५.०८%, कक्षा ४ को ६४.०५% र कक्षा ५ मा ६४.७८% रहेको देखिन्छ। कक्षा १ को औसत उपस्थिति सबभन्दा न्यून र कक्षा ३ को औसत उपस्थिति सबभन्दा बढि रहेको छ। मासिक रुपमा विद्यार्थीको उपस्थितिलाई हेर्दा कक्षा १-५ को वैशाख महिनामा ४९.७८%, जेठमा ६६.२८%, असारमा ६८.१%, भाद्र ६६.७८%, असोज ६४.४२%, कार्तिक ५३.८७%, मंसिरमा ६८.०% र पौष ६४.६२% औसत रहेको पाइयो। जेठ र मंसिर महिनामा विद्यार्थीहरुको उपस्थिति सबभन्दा बढि रहेको पाइयो।

माथिको तालिका ८ र९ को तुलनात्मक रुपमा अध्ययन विश्लेषण गर्दा शैक्षिक सत्र २०७१ मा भन्दा २०७२ मा विद्यार्थीहरुको औसत उपस्थिति प्रतिशत क्रमशः बढेको देखिन्छ। बैशाख देखि पौष सम्मको तुलनात्मक उपस्थिति अध्ययन गर्दा वैशाख महिना शै.स. शुरु हुने भएकाले विद्यार्थीहरुको उपस्थिति न्यून देखिन्छ। त्यसमध्ये पनि कक्षा १ को उपस्थिती ज्यादै न्यून (५०% भन्दा कम) देखिन्छ।

## ४.१.५ दलित विद्यार्थीको कक्षा छाड्ने र उत्तिर्ण दर

दलित विद्यार्थीहरुको कक्षा ५ को कक्षा छाड्ने उर्तीण हुने अवस्था अध्ययन गर्न सोधकर्ताले स्थलगत अध्ययन गर्दा शैक्षिक सत्र २०७१ को भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण अवस्था यस प्रकार रहेको पाइयो ।

| क्र. सं. | विद्यालयको नाम | २०७१ को भर्ना | | २०७१ | | | | कक्षा छाड्ने | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परीक्षामा सामेल | | उत्तीर्ण | | | |
| | | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा |
| १ | डोरामारी उ.मा.वि. | ९ | १० | ८ | १० | ७ | १० | १ | |
| २ | स्कूलचौन उ.मा.वि. | १० | ११ | १० | ११ | ९ | १० | | |
| ३ | भीमसेन नि.मा.वि. | १२ | ९ | १० | ९ | १० | ९ | २ | |
| ४ | कञ्चनजंगा प्रा.वि. | १० | ८ | १० | ८ | ९ | ७ | | |
| ५ | जनता प्रा.वि. | ६ | ५ | ६ | ५ | ६ | ५ | | |
| ६ | मदनआश्रित प्रा.वि. | ६ | ८ | ५ | ८ | ५ | ८ | १ | |
| ७ | जनज्योती प्रा.वि. | ६ | ७ | ६ | ६ | ६ | ६ | | १ |
| **जम्मा** | | ५९ | ५८ | ५५ | ५७ | ५२ | ५५ | ४ | १ |
| **जम्मा प्रतिशत** | | | | ९४ | ९८ | ८८ | ९८ | ७ | ३ |

माथिको तालिकामा शै.स. २०७१ मा प्रा.वि. तहको अन्तिम परीक्षा कक्षा ५ मा भर्ना भएका केटी ५९ जनामध्ये परीक्षामा ५५ जना सामेल भई ५२ जना उत्तीर्ण (८८%) भएको र ४ जना (७%) केटीहरुको कक्षा छोड्ने दर देखिन्छ । त्यसरी नै ५८ जना केटाहरु भर्ना भएकाम मध्ये परीक्षामा ५७ जना (९८%) सामेल भएका र ५५ जना (९८%) उत्तीर्ण भएको देखिन्छ भने १ जना (३%) ले कक्षा छोडेको पाइन्छ । परीक्षामा सामेल हुने दर र उत्तीर्ण दर केटीहरुमा केटाहरु भन्दा न्यून देखिन्छ भने कक्षा छाड्ने दर केटीहरुमा बढी देखिन्छ ।

## ४.२ दलित अभिभावकहरुको आफ्ना बालबालिकाहरुको शिक्षाप्रतिको अवधारणा

दलित अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण तथा उनीहरुको अवस्था अध्ययन गर्नका लागि खुल्ला प्रश्न र छलफल अन्तक्रिया गरेर पारिवारिक स्थिति, पेशा, जग्गा जमिनको स्वामित्व, साक्षरता, घरबाट विद्यालयको दुरी, छोराछोरीलाई घरमा पढ्न दिने अवसर, शैक्षिक सामग्रीको उपलब्धता, छोराछोरीको पढाइप्रतिको शिक्षकको चासो, शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धमा उनीहरुको शिक्षाप्रतिको दृष्टिकोणको सार यस प्रकार रहेको पाइयो ।

### ४.२.१ परिवारका सदस्य संख्याको अवस्था

उनीहरुको परिवार संख्या यस्तो रहेका पाइयो । दलित विद्यार्थीको घरमा परिवार संख्या ३-५ हुने सख्या ९(३६%), ६-८ सदस्य परिवार संख्या १४(५६%), ९-११ सदस्यीय परिवार संख्या रहेका २(८%) छ । औषत परिवार संख्या ६.१ छ र ६-८ परिवार सदस्य हुने संख्या अधिकतम रहेको छ । न्यूनतम ३ जना र अधिकतम ११ जनासम्म सदस्यहरु रहेको छ । अधिकांश दलित परिवारको परिवार संख्या औसत भन्दा ठूलो रहेको पाइयो । दलित विद्यार्थीको अभिभावकहरुले अपनाएका पेशामा जुत्ता सिलाई गर्ने ३ (१२%), दैनिक मजदुरी गर्ने ३ (१२%), लुगा सिलाई गर्ने ३ (१२%), कृषि कार्यमा संलग्नता २ (८%), रिक्सा चलाई गुजारा गर्ने ४ (१६%), काठको काम गर्ने ४ (१६%) र सफाइ गर्ने ३ (१२%) रहेको छ ।

दलितहरुसँग रहेको जग्गा जमिनको अवस्था निम्नानुसार रहेको पाइयो । अभिभावकहरुको भू स्वामित्वको अध्ययन गर्दा १० धुरसम्म हुने ५(२०%), १ विघासम्म हुने २(८%), २ विघासम्म हुने १(४%) र भूमिहीन अभिभावकहरु ११(४४%) रहेको छ । अधिकांश दलितहरुको १ धुर पनि जग्गा जमिन नभएको पाइयो । दलित अभिभावकहरुको साक्षरता स्थिति यस प्रकारको रहेको पाइयो । अभिभावकहरुको साक्षरता अध्ययन गर्दा ५(२०%) साधारण लेखपढ गर्न जान्ने, एस.एल.सी.सम्म अध्ययन गर्ने संख्या १(४%), आइ.ए. सम्म अध्ययन गर्ने १(४%), स्नातक तहसम्म अध्ययन गर्ने १(४%) र सबभन्दा ठूलो संख्या निरक्षर १७ (६८%) रहेको छ । दलितहरुमा साक्षरताको प्रतिशत न्यून रहेको पाइयो ।

दलित विद्यार्थीहरुको घरबाट विद्यालयको दूरी यसप्रकार रहेको पाइयो । प्रत्येक घरबाट विद्यालयसम्मको दूरी नजिकै हुने संख्या १०(४०%), आधा कि.मी हुने संख्या ४(१६%), १ कि.मी.सम्म हुने १ (४%) रहेको छ । यसबाट दलित विद्यार्थीको लागि घरबाट विद्यालय जानलाई सुगम छ भन्ने देखियो । छोरा छोरीलाई घरमा पढ्ने समय विहान बेलुकी नै दिने गरिएको भएतापनि घरमा पढाइमा सहयोग गर्ने नभएकोले पढ्नमा लागेको पाइदैन ।

## ४.२.२ उपलब्धताको अवस्था

तपाई छोराछोरीलाई आवश्यक पर्ने कापी, कलम, किताब, पोषाक तथा अन्य सामग्री समयमा र पुग्दो उपलब्ध गराउनु हुन्छ ? भनेर सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार रहेको पाइयो । आफ्नो छोराछोरीलाई शैक्षिक सामग्रीहरु तथा पोशाक समयमा नै उपलब्ध गराउने संख्या ५(२०%), समयमा मुस्किलले उपलब्ध गराउने संख्या ११ (४४%) र उपलब्ध गराउन सकिदैन भन्ने संख्या ९(३६%) रहेको छ ।

आफ्नो छोराछोरीको समयमा र पुग्दो शैक्षिक सामग्री उपलब्ध गराउन नसकेको देखियो । आफ्नो छोराछोरीको पढाई प्रति शिक्षकले कतिको जानकारी दिनुहुन्छ ? भनेर सोधिएको थियो । उनीहरुको प्रतिक्रिया यसप्रकार रहेको पाइयो । अभिभावकहरुले आफ्नो छोराछोरीको पढाइप्रति खासै चासो राखेको देखिदैन । तालिकामा चासो राख्नेको संख्या १०(४०%) र चासो नराख्नेको संख्या अधिकतम १५ (६०%) रहेको देखिन्छ ।

दलित विद्यार्थीका अभिभावकलाई उनीहरुका छोराछोरीको पढाई, विद्यालयमा नियमितता र प्रगति सम्बन्धमा शिक्षकबाट अभिभावकलाई जानकारी दिने गरेको पाइएन । आफ्ना छोराछोरीको पढाई सम्बन्धमा शिक्षकसँग कतिको चासो राख्नुहुन्छ ? र कसरी भनेर सोधिएको थियो । उनीहरुको प्रतिक्रिया यस प्रकार रहेको पाइयो । आफ्ना छोराछोरीको पढाई लेखाई सम्बन्धमा शिक्षकले अभिभावकलाई जानकारी दिने संख्या ९ (३६%), र भेट भएको समयमा मात्र दिने गरेको र अधिकतम अभिभावहरु १६ (६४%) जानकारी दिने गरेको देखिदैन ।

आफ्नो छोराछोरीको पढाइ सम्बन्धमा शिक्षकसँग जानकारी लिने, चासो राख्ने गरेको पाइएन । दलित अभिभावकहरु तपाई छोराछोरीको पढाइमा कस्तो चासो राख्नु हुन्छ भन्दा विद्यालयमा पढ्न पठाउने र ठूलो मान्छे बनाउने भन्नेमा ८ (३२%), केहि सिकुन् भन्नेमा १० (४०%) र विद्यालय नपठाउने भन्नेमा ७(२८%) पाइन्छ । छोराछोरी पास वा फेलमा चासो राखेको देखिन्न । २८% अभिभावकले छोराछोरी विद्यालयमा नपठाएको पाइन्छ । त्यसकारण आफ्नो छोराछोरीप्रति खासै चासो राखेको पाइन्न ।

## ४.३ दलित विद्यार्थीको शैक्षिक उपलब्धी

दलित बालबालिकाले प्राप्त गरेको विषयगत औषत प्राप्ताङ्कलाई निम्न अनुसार औल्याइएको छ । विद्यालयमा दलित विद्यार्थीहरुको विषयगत तथा कक्षागत शैक्षिक उपलब्धी शै.सत्र २०७१ र शै.सत्र २०७२ को परीक्षाको अभिलेख अध्ययन गर्दा निम्नानुसार पाइयो ।

तालिका १२ : विद्यार्थीको शैक्षिक उपलब्धी शैक्षिक सत्र २०७१

| क्र.सं. | कक्षा | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | स्थानिय | औसत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २५.९ | २७.८ | २०.८ | ३५.० | ४७.५ | ४५.२५ | ३३.७ |
| २ | २ | २८.३ | २८.० | ४१.१ | ३९.४ | ४३.० | ४६.३ | ३४.९ |
| ३ | ३ | ३१.५ | २६.३ | २८.८ | ३१.० | ४२.३ | ४०.७ | ३३.४ |
| ४ | ४ | २८.२ | ३८.० | ३१.० | ४७.० | ४३.२ | ४३.३ | ३८.४ |
| ५ | ५ | ४०.० | ३५.३ | ३०.७ | ४७.७ | ५६.५ | ४२.४ | ४१.४ |
| औसत | | ३०.७ | ३०.९ | २७.१ | ४०.० | ४६.५ | ४३.६ | ३६.६ |

स्रोत : स्थलगत अध्ययन

तालिका १२ अनुसार शै.स.२०७१ मा दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी अध्ययन विश्लेषण गर्दा कक्षा १ को औसत सिकाइ उपलब्धी ३३.७%, कक्षा २ को ३४.९%, कक्षा ३ को ३३.४%, कक्षा ४ को ३८.४% र कक्षा ५ को ४१.४% रहेको देखिन्छ । कक्षा ३ को शैक्षिक उपलब्धी सबैभन्दा कम र कक्षा ५ को सबैभन्दा बढी रहेको देखिन्छ । सबै कक्षाको सबै विषयको शैक्षिक उपलब्धी ५०% भन्दा कम रहेको पाइयो । कक्षागत तथा विषयगत रुपमा शैक्षिक उपलब्धी अध्ययन गर्दा अंग्रेजीमा ३०.७%, नेपालीमा ३०.९%, गणितमा

२७.१%, विज्ञान ४०.०%, स्थानिय ४३.६% रहेको देखिन्छ। गणितमा सबभन्दा कम शैक्षिक उपलब्धी र सामाजिकमा सबैभन्दा बढी शैक्षिक उपलब्धी रहेको देखिन्छ। बिषयगत रुपमा हेर्दा पनि औषत अङ्क ५०% भन्दा कम रहेको देखिन्छ।

तालिका १३ विद्यार्थीको शैक्षिक उपलब्धी (शैक्षिक सत्र २०७२)

| क.सं. | कक्षा | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | स्थानिय | औसत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४२.५ | ४१.५ | ४८.२ | ४६.० | ४८.५ | ४१.५ | ४४.७ |
| २ | २ | ३६.० | ३२.५ | ३६.१ | ४०.० | ५३.० | ४५.० | ४०.४ |
| ३ | ३ | २९.० | ३९.७ | ४०.८ | ४६.८ | ४८.० | ४४.८ | ४१.५ |
| ४ | ४ | ३८.० | २६.० | ३०.० | ४३.१ | ४२.० | ३५.५ | ३५.८ |
| ५ | ५ | ४०.० | ३८.० | ३७.५ | ४२.० | ४८.० | ४४.५ | ४१(६ |
| औसत | | ३७.१ | ३५.५ | ३८.४ | ४३.६ | ४७.९ | ४२.३ | ४०.८ |

माथिको तालिका १३ लाई अध्ययन गर्दा शैक्षिक सत्र २०७२ मा दलित विद्यार्थीहरुको उपस्थितीलाई कक्षागत औषत उपलब्धी हेर्दा कक्षा १ को ४४.७, कक्षा २ को ४०.४, कक्षा ३ को ४१.५, कक्षा ४ को ३५.८ र कक्षा ५ मा ४१.६ रहेको देखिन्छ। कक्षागत रुपमा हेर्दा कक्षा १ को औषत शैक्षिक उपलब्धी सबभन्दा बढी र कक्षा ४ को औसत उपलब्धी समभन्दा कम देखिन्छ। विषयगत रुपमा कक्षा १-५ को औसत शैक्षिक उपलब्धी लाई हेर्दा अंग्रेजीमा ३७.१, नेपालीमा ३५.५, गणितमा ३८.४, विज्ञानमा ४३.६, सामाजिकमा ४७.९ र स्थानियमा ४२.३% रहेको देखिन्छ। नेपालीमा सबभन्दा कम शैक्षिक उपलब्धी र सामाजिकमा सबैभन्दा धेरी उपलब्धी रहेको देखिन्छ।

माथिका तालिकाहरु १२ र १३ को अध्ययन गर्दा दलित विद्यार्थीहरुको विषयगत औषत उपलब्धी कक्षागत रुपमा नेपाली, गणित, अंग्रेजीमा निकै न्यून रहेको र अन्य विषयहरुमा पनि औसत प्रतिशतमा उपलब्धी प्राप्त गरेको छ। शैक्षिक सत्र २०७१ मा भन्दा शै.स. २०७२ मा विषयगत उपलब्धी स्तर केही सुधार भएको छ। यसबाट दलित विद्यार्थीहरुको लागि नेपाली, गणित, अंग्रेजी विषय कठिन भएको देखिन्छ।

## ४.४ दलित बालबालिकाको शिक्षाप्रतिको अवधारणा

दलित विद्यार्थीहरुको शैक्षिक अवस्था अध्ययन गर्न उनीहरुलाई नै प्रश्नावली भराएर तथा अर्न्तक्रिया गरेर शैक्षिक सामग्रीको उपलब्धता, घरमा पढ्न पाउने अवसर र मात्रा, नियमतिता, पढाइमा घरमा सहयोग, विद्यालय जाने स्रोत, विद्यालय जानुको कारण विद्यालय प्रतिको रुची, शिक्षकले गर्ने व्यवहार, छात्रवृत्तिको पहुँच र प्रयोगको सम्बन्धमा सोधिएको थियो । तिमिहरुलाई आवश्यक पर्ने कापी, किताब, कलम तथा अन्य शैक्षिक सामग्री पाउछौ भनेर सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकारको रहेको पाइयो । दलित विद्यार्थीले आफुलाई आवश्यक पर्ने शैक्षिक सामग्री (कापी,कलम आदी) पुग्दो छ भन्ने संख्या २१(४६.६%) र पुग्दो छैन भन्ने संख्या २४(५३.३%) देखिन्छ । दलित विद्याथीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध हुने गरेको पाइएन । यसबाट पनि उनीहरुको पढाईमा असर गरेको पाइयो ।

दलित विद्यार्थीहरुलाई तिमी घरमा कत्तिको पढ्छौं भनेर सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकारको पाईयो । दलित विद्यार्थीहरु घरमा धेरै पढ्नेको संख्या ११(२४.१%), अलिअलि पढ्नेको संख्या २९(६४.४%), पढ्दिन भन्नेको संख्या १(२.२%) र भ्याउदिन भन्नेको संख्या ४(८.८%) रहेको छ । सामान्यतया दलित विद्यार्थीहरु घरमा पढ्ने गरेको पाइयो । दलित विद्यार्थीलाई तिमि सधै विद्यालय जान्छौं ? भनेर सोधिएको थियो । उनिहरुको प्रतिक्रिया यस प्रकार रहेको पाईयो । दलित विद्यार्थीहरु विद्यालयमा नियमित जानेको संख्या २२(४८.८%) र कहिलेकाकही जाने संख्या ९(२०%) रहेको देखिन्छ । विद्यार्थीको नियमितता सन्तोषजनक ने रहेको पाइयो । उनीहारुमा विद्यालय जानु पर्छ भन्ने भावना जागृत भइको पाइयो । दलित विद्यार्थीलाई घरमा पढाईमा मार्गए निर्देशन गर्ने अवस्था निम्नानुसार पाइयो । दलित विद्यार्थीहरु आफुलाई घरमा दाजु, दिदी, आमाले सिकाउने संख्या १९(४२३%) र कसैले पनि नसिकाउने संख्या २६(५७.७%) रहेको देखिन्छ ।

आफ्नो बालबालिकाहरुलाई घरमा पढाईमा सहयोग गर्न अभिभावकको महत्वपूर्ण भूमिका रहेता पनि पढाईमा सहयोग गर्ने गरेको पाइएन । तिमिलाई विद्यालय जान कसले भनेको भनेर सोध्दा उनीहरुको प्रतिक्रिया यसप्रकार रहेको पाइयो । आमा बाबुले विद्यालयमा पढ्न

जानुपर्छ भन्ने संख्या ३०(६६%), साथीले भन्ने संख्या १०(२२ण) र सरले जानु पर्छ भन्ने संख्या ५(११%) रहेको देखिन्छ । यसबाट दलितहरुमा पनि पढाउनु पर्छ भन्ने भावना जागृत भएको पाईयो ।

तिमिलाई विद्यालय जान मन लाग्छ ? भनेर दलित विद्यार्थीहरुलाई प्रश्नावली भराइएको तथा अर्न्तक्रिया गरिएको थियो । उनीहरुको प्रतिक्रिया यसप्रकार रहेको पाइयो । विद्यालय जान मन लाग्छ भन्नेको संख्या १२(२६%), लाग्छ मात्र भन्नेको संख्या ३१(६८%) र लाग्दैन भन्नको संख्या २(१५%) पाइन्छ । तिमि विद्यालय किन जान्छौ ? भनेर सोधिएको थियो । प्रतिक्रिया यसपकार रहेको पाइयो । विद्यालयमा पढ्न किन आएको भन्ने प्रश्नमा पढेर ठूलो मान्छे हुन भन्ने संख्या ६(१३%), विद्यालयमा साथीहरु संग खेल्न पाइन्छ भन्ने संख्या ७(१५%) र पढ्न, लेख्न जान्ने हुन भन्ने संख्या ३२(७१%) रहेको देखिन्छ । दलित विद्यार्थीहारु पढाई प्रति सकारत्म धारणा खआएको देखिन्छ ।

दलित विद्यार्थीहरुलाई शिक्षकले गर्ने व्यवहार सम्बन्धमा उनीहरुको प्रतिक्रिया यसप्रकार पाइयो । तिमीलाई शिक्षक तथा शिक्षिकाहरुले कस्तो व्यवहार गर्नुहुन्छ भन्ने प्रश्नमा माया गर्नुहुन्छ भन्नेको संख्या २१(४६%), अरु विद्यार्थी सरह व्यवहार गर्नुहुन्भ भन्नेको संख्या २४(५४%), नराम्रो र विद्यालय छोडु जस्तो लाग्छ भन्नेको संख्या सुन्य रहेको देखिन्छ । बिद्यालयमा दलित विद्यार्थीहरुलाई शिक्षकहरुले अन्य गैर दलित विद्यार्थी सरह व्यवहार गर्ने गरेको र दलित र गैर दलित बीच भदभाव नभएको पाइयो । प्रश्न भराइएका सबै विद्यार्थीहरुले छात्रबृतिको रकम बुबालाई दिने गरेको र कापी, कलम, पोशाक किन्ने गरेको पाइयो ।

## ४.५. दलित विद्यार्थीको बारे सम्बन्धित प्र.अ. तथा शिक्षकहरुबाट प्राप्त प्रतिक्रियाको स्थिति

दलित विद्यार्थीहरुको शैक्षिक अवस्था बुझ्नको लागि विद्यालयकबा प्रधानाध्यापक तथा शिक्षकहरुलाई विद्यालयमा दलित विद्यार्थीहरुको नियमितता, नियमित नहुनका कारण, कक्षामा सहाभागिता, शैक्षिक उपलब्धि स्तर, गृहकार्य गर्ने वा नगर्ने, शैक्षिक सामग्रीको

उपलब्धता, शिक्षक तथा अन्य विद्यार्थीहरुको दलित विद्यार्थीहरुको पढाई प्रति चासो, दलित विद्यार्थीलाई प्रदान गरिने छात्रवृतिको अवस्था बारेमा प्रश्नावली निर्माण तथा अन्तर्क्रिया गरेर उनीहरुको धारणाको निचोड निकालिएको थियो । सो निचोड यसप्रकार छ ।

### ४.५.१. विद्यालयमा विद्यार्थीको नियमितता

विद्यालयमा दलित विद्यार्थीहरुको उपस्थिति कस्तो छ ? भनेर प्रधानाध्यापक, तथा शिक्षकहरुलाई विद्यालयमा दलित विद्यार्थीहरुको उपस्थिति कस्तो छ ? भनेर प्रधानाध्यापक तथ शिक्षकहरुलाई सोधिएको थियो । उनीहरुबाट प्रांप्त प्रतिक्रिया यसप्रकार पाईयो । दलित विद्यार्थीहरुको विद्यालयमा नियमितता राम्रो भन्ने सख्या ५(२०%), ठिकै भन्ने संख्या ५(२०%) र राम्रो होईन भन्ने संख्या १५(६०%) देखिन्छ । यस अध्ययनबाट दलित विद्यार्थीहरुको उपस्थिति औसत भन्दा राम्रो रहेको पाइयो ।

: विद्यार्थीको उपस्थिति शैक्षिक सत्र २०७१

| क.सं. | कक्षा | वैशाख | जेठ | असार | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २५.१ | ५८.७ | ५५ | ५१.१ | ५६.८ | ५५.८ | ६०.१ | ५५.२ | ५२.७ |
| २ | २ | ३६.२ | ५९.२६ | ६१.२५ | ५२.७ | ५३.८ | ५९.४ | ७९.७ | ६०.१५ | ५०.२८ |
| ३ | ३ | ४० | ६१.५ | ६७.८ | ५०.१ | ६६.३४ | ५२.२ | ७६.७ | ५७.८ | ५१.८३ |
| ४ | ४ | ४२.१ | ७९.६ | ७६ | ५६.५ | ५०.७ | ४१ | ८५.७ | ५८.५ | ६१.६२ |
| ५ | ५ | ५८.३ | ७२.६ | ६९ | ५४.७८ | ७३ | ५४.१ | ७९ | ७० | ५७.५९ |
| औषत | | ४०.३४ | ६६.६३ | ६५.८१ | ५३ | ६०.१ | ५२.५ | ७६.२४ | ६०.३३ | |

स्रोत : स्थलगत अध्ययन

माथिको तालिका ८ को दलित विद्यार्थीहरुको उपस्थितिलाई अध्ययन विश्लेषण गर्दा शैक्षिकसत्र २०७१ प्रारम्भ भएदेखि ८ महिनासम्मको उपस्थितिमा कक्षा १ को औसत उपस्थिति ५२.७%, कक्षा २ को ५०.२८%, कक्षा ३ को ५१.८३%, कक्षा ४ को ६१.६२% र कक्षा ५ को ५७.५९% औसत उपस्थिति रहेको पाइयो । कक्षागत रुपमा उपस्थितिलाई हेर्दा कक्षा २ मा सबैभन्दा कम औसत उपस्थिति र कक्षा ४ मा सबैभन्दा बढि उपस्थिति रहेको पाइएको छ । मासिक रुपमा कक्षा १-५ को उपस्थिति अध्ययन विश्लेषण गर्दा शैक्षिक सत्रको आरम्भ हुने वैशाख महिनामा सबभन्दा कम ४०.३४%,जेठमा ६३.३३%, असारमा

६५.८१%, भाद्रमा ५३.००%, आश्विनमा ६०.०१%, कार्तिकमा ५२.०५%, मंसिरमा ७६.२४% र पौषमा ६०.३३% देखिन्छ । विद्यार्थीहरुको उपस्थिति मंसिर महिनामा सबभन्दा बढि रहेको पाइयो ।

तालिका ९ : विद्यार्थीको उपस्थिति शैक्षिक सत्र २०७२

| क.सं. | कक्षा | वैशाख | जेठ | असार | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४३.२ | ५२ | ५७.१ | ५३.३ | ५९.८ | ५२.१ | ६३.१ | ६२ | ५५.३७ |
| २ | २ | ४८ | ७३.९ | ७८ | ७३.१ | ६३ | ५१.१ | ६५ | ५९ | ५६.५१ |
| ३ | ३ | ४७ | ६१.८ | ६४.५ | ६४.५ | ६८.६ | ६७.५ | ७५.५ | ७१.३ | ६५.०८ |
| ४ | ४ | ४४.३ | ७३.५ | ७० | ७० | ६३.२ | ५७.२५ | ७१.३ | ६६.५ | ६४.५ |
| ५ | ५ | ६६.४ | ७०.२ | ७१ | ७३ | ६७.५ | ४१.४ | ६४.३ | ६४.३ | ६४.७८ |
| औषत | | ४९.७८ | ६६.२८ | ६८.१ | ६६.७८ | ६४.४२ | ५३.८७ | ६८ | ६४.६२ | |

स्रोत : स्थलगत अध्ययन

माथिको तालिका ९ शै.स. २०७२ मा दलित विद्यार्थीहरुको उपस्थितिलाई अध्ययन गर्दा कक्षागत औसत उपस्थिति कक्षा १ को ५५.३७%, कक्षा २ को ५६.५१%, कक्षा ३ को ६५.०८%, कक्षा ४ को ६४.०५% र कक्षा ५ मा ६४.७८% रहेको देखिन्छ । कक्षा १ को औसत उपस्थिति सबभन्दा न्यून र कक्षा ३ को औसत उपस्थिति सबभन्दा बढि रहेको छ । मासिक रुपमा विद्यार्थीको उपस्थितिलाई हेर्दा कक्षा १-५ को वैशाख महिनामा ४९.७८%, जेठमा ६६.२८%, असारमा ६८.१%, भाद्र ६६.७८%, असोज ६४.४२%, कार्तिक ५३.८७%, मंसिरमा ६८.०% र पौष ६४.६२% औसत रहेको पाइयो । जेठ र मंसिर महिनामा विद्यार्थीहरुको उपस्थिति सबभन्दा बढि रहेको पाइयो ।

माथिको तालिका ८ र ९ को तुलनात्मक रुपमा अध्ययन विश्लेषण गर्दा शैक्षिक सत्र २०७१ मा भन्दा २०७२ मा विद्यार्थीहरुको औसत उपस्थिति प्रतिशत क्रमशः बढेको देखिन्छ । बैशाख देखि पौष सम्मको तुलनात्मक उपस्थिति अध्ययन गर्दा वैशाख महिना शै.स. शुरु हुने भएकाले विद्यार्थीहरुको उपस्थिति न्यून देखिन्छ । त्यसमध्ये पनि कक्षा १ को उपस्थिती ज्यादै न्यून (५०% भन्दा कम) देखिन्छ ।

### ४.५.२. दलित विद्यार्थीहरु नियमित नहुने कारण

दलित विद्यार्थीहरु नियमित किन हुदैनन् ? भनेर प्रधानाध्यापक तथा शिक्षकलाई सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरु नियमित नहुने कारणमा १०(४०%) आर्थिक अवस्था कमजोर भएर भन्ने संख्या ९(३६%) अभिभावकहरुमा चेतना नभएर र विद्यार्थीहरुसंग कापी, कलम र पोसाक नभएर भन्नेको संख्या ६(२४%) रहेको देखिन्छ । विद्यार्थीहरु नियमित नहुनुमा अभिभावकको आर्थिक अवस्था र चेतनाले महत्वपूर्ण भूमिका खेलेको देखियो ।

### ४.५.३. दलित विद्यार्थीहरुको कक्षामा सहभागिता

विद्यालयमा दलित विद्यार्थीहरुको कक्षामा सहभागिता छ ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरुलाई सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यसप्रकार पाइयो । दलित विद्यार्थीहरुको कक्षामा सहभागीता सक्रिय छ भन्ने संख्या ७)२८%), ठिकै छ भन्ने १५(६०%) र उनीहरुको कक्षामा सहभागिता निष्कृय छ भन्ने संख्या ३(१२%) रहेको देखिन्छ । दलित विद्यार्थीहरुको कक्षामा सहभागिता सन्तोषजनक रहेको पाइयो ।

### ४.५.४. दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर

विद्यालयमा दलित विद्यार्थीहरुको कक्षामा सहभागिता छ ? भनेर प्रधानाध्यपक तथा शिक्षकहरुलाई सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकारको पाइयो । दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर राम्रो भन्ने शिक्षकहरुको संख्या ९(३६%), ठिकै छ भन्ने संख्या १३(५२%) र नराम्रो भन्ने संख्या ३(१२%) देखिन्छ । दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर औसत रहेको पाइयो ।

### ४.५.५. दलित विद्यार्थीहरुले गृहकार्य गर्ने स्थिति

विद्यालयमा दलित विद्यार्थीहरुको गृहकार्य गरेर ल्याउछन् ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरुलाई सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरुले घरमा गरेर शिक्षकहरुलाई सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरुले घरमा गरेर ल्याउनु भनेको कार्य गरेर ल्याउछन् भन्ने संख्या ७(२८%), कहिलेकाही गरेर ल्याउछन् भन्ने संख्या १०(४०%) र गर्दैनन् भन्ने संख्या ८(३२%) देखिन्छ । दलित विद्यार्थीहरुलाई घरमा सहयोग गर्ने नभएको हुनाले धेरैजसोले गृहकार्य गर्ने गरेको पाइएन ।

### ४.५.६. दलित विद्यार्थीहरुमा शैक्षिक सामग्रीको उपलब्धता

दलित विद्यार्थीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्री सबैलाई उपलब्ध हुन्छ ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरुलाई सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । विद्यार्थीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु उपलब्ध सबैको भन्ने संख्या ८(३२%), कोहीको भन्ने सव्ख्या ८(३२%) र धेरैको छैन भन्ने संख्या ९(३६%) देखिन्छ ।

### ४.५.७. दलित विद्यार्थीसग शिक्षकको व्यवहार

विद्यालयमा दलित विद्यार्थीहरुलाई अन्य विद्यार्थी सरह खानपिन गर्दा र गर्ने व्यवहार गैर दलित सरह र शिक्षकले गर्ने व्यवहार मित्रवत देखयो ।

### ४.५.८.अभिभावकहरुले बालबालिकाहरुको पढाई प्रति कत्तिको चासो राखछन् ?

अभिभावकहरुले बालबालिकाहरुको पढाई प्रति कत्तिको चासो राखछन् ? भनेर प्र.अ. तथा शिक्षकहरुलाई सोधिएको थियो । उनीहारुबाट प्राप्त प्रतिक्रिया यसप्रकार पाइयो । अभिभावकहरुले आफ्नो छोराछोरीको पढाई सम्बन्धमा शिक्षक तथा प्र.अ. संग चासो राख्छन् भन्नेमा ८(३२%), केहि मात्र चासो राख्छन् भन्ने संख्या १०(४०%) र चासो राख्दैनन् भन्ने

संख्या ७(२८%) देखिन्छ । आफ्नो छोराछोरी पास वा फेल के भए भन्ने चासो राखेको देखिन्छ । आफ्नो छोराछोरीको पढाईप्रति खासै चासो राखेको पाइएन ।

## ४.५.९. दलित विद्यार्थीहरुमा छात्रबृतिको अवस्था

दलित विद्यार्थीहरुको विद्यालयमा पहुँच बढाउन, नियमितता कायम गर्न, शैक्षिक उपलब्धि बढाउन के के छात्रवृति प्रदान गरिन्छ ? र पर्याप्त छ कि छैन ? भनेर सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो ।

सबै दलित विद्यार्थीहरुलाई छात्रवृति (सरकारले व्यवस्था गरे अनुसार) दिनेगरेको र सो रकम अपुग भएकोले बढाउनु पर्ने, छात्रवृतिकै लागि पनि विद्यार्थीहरु विद्यालय आउने गरेका हुन् । आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्था गर्नपुग्ने छात्र वृत्ति व्यवस्था गर्नुपर्ने देखियो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१. निष्कर्ष

झापा जिल्ला गौरादह न.पा.का. “सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धीस्तर” शीर्षक गरिएको अध्ययनमा छनौट परेका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावक प्रतिक्रियाको विश्लेषणात्मक अध्ययनवाट निम्न निष्कर्ष निकालिएको छ ।

गौरादह न.पा. को जम्मा जनसंख्याको ५.१३ प्रतिशत दलित जनसंख्या रहेको छ । जसमा १० भन्दा बढी जातिका दलित रहेका छन । विद्यालय उमेरका बालबालिका हेर्दा १३.१४ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको पाइन्छ । विद्यालयको भर्नाको अवस्था हेर्दा २०७१ मा भन्दा २०७२ मा बढी देखिन्छ । विद्यालयमा विद्यार्थीको उपस्थिती तुलनात्मक रुपमा कमी नै रहेको छ । कक्षा छोड्ने दर पनि बढि देखिन्छ । त्यसमा पनि केटाको भन्दा केटीको बढी रहेको छ । सो हुनुको कारणमा विद्यार्थी असफल हुनु नै मुख्य कारण पाइन्छ । दलित परिवारमा आफ्ना बालबच्चाको शिक्षाप्रतिको  चाहना एकदम न्यून मात्रामा पाइन्छ । परिवार संख्या ठूलो छ, पेशा परम्परागत रुपकै सम्हालेको पाइन्छ र पनि पेशाप्रति सन्तुष्ट छैनन, आफ्नो जग्गा जमिन नभएकाले बसाइ सरिरहनु पर्ने स्थिति रहेको छ, छोराछोरीलाई शैक्षिक सामग्री र पोशाकको अभाव देखिन्छ, आफ्ना छोराछोरीको पढाई बारेमा अनविज्ञ रहेको पाइन्छ ।

दलित बालबालिकाको विषयगत उपलब्धी निम्न स्तरको पाइन्छ । जसमा अंग्रेजी, गणित जस्ता विषयमा अत्यन्त न्यून र सामाजिक र स्थानिय विषयमा औषत अंक बढी देखिन्छ । शैक्षिक बर्ष २०७१ को भन्दा २०७२ मा तुलनात्मक रुपमा शैक्षिक उपलब्धी बढेको देखिन्छ । विद्यालयमा कुनै पनि शिक्षकबाट कुनै पनि बालबालिकामा विभेद गरेको पाइन्न । विद्यालयको वातावरण बालमैत्री पूर्ण रहेको पाइयो तर दलितका बालबालिका कापी, कलम

नलिइकन विद्यालय आउने, गृहकार्य नगर्ने, विद्यालय पोशाकमा नआउने, घरमा पढ्ने वातावरण नभएको कारणबाट शैक्षिकस्तर न्यून रहेको पाइयो । दलितका बालबालिकाका विद्यालयमा साथीसँग खेल्न रमाइलो गर्ने मात्र रुची देखिन्छन ।

## ५.२ सुझावहरु

दलित बालबालिकाहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन र तिनका अभिभावकहरुको शिक्षाप्रतिको वर्तमान अवधारणा परिवर्तन गरी सकारात्मक धारणा विकास गर्न निम्न कुराहरु गर्न आवश्यक छ :

### ५.२.१ नीतिगत तह

दलित समुदायमा चेतनाकरण गरी पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने शैक्षिक जागरण ल्याउनु पर्छ । यसका लागि विशेष गरी गैरसरकारी संस्था, स्थानीय संघ संस्था एवम् स्थानिय निकायले भूमिका निर्वाह गर्नु पर्छ । दलितहरुको आर्थिक अवस्थामा सुधार ल्याउन दलितहरुको लागि आयआर्जन कार्यक्रम संचालन गर्नुपर्छ । आयआर्जन गर्न सहयोग पुऱ्याउने सीप प्रशिक्षण कार्यक्रम संचालन गर्नुपर्छ । अशिक्षित दलित अभिभावक तथा विद्यालय जान नसकेका दलित बालबालिकाहरुको लागि सीपमुलक साक्षरता कार्यक्रम संचालन गर्नुपर्छ । दलितहरुलाई आफ्नो पेशा वा व्यवसाय संचालन गर्न तथा अन्य आय आर्जन हुने व्यवसाय संचालन गर्नअनुदान तथा निर्ब्याजी ऋण प्रवाह गरिनुपर्छ ।

दलितहरुको आर्थिक उन्नती गर्न उनीहरुले अँगालेको पेशालाई आधुनिकीकरण गर्नुपर्छ । विपन्न दलित विद्यार्थीलाई पोशाक सहित सम्पूर्ण शैक्षिक सामग्री उपलब्ध गराउनु पर्छ । प्रत्येक विद्यालयमा कम्तिमा एकजना शिक्षक दलित समुदायबाट अनिवार्य राख्नु पर्छ । दलित बालबालिकाहरुलाई विद्यालय प्रवेश सहज बनाउन बालविकास केन्द्र स्थापना गरी संचालन गर्नुपर्छ । दलित विद्यार्थीलाई दिने छात्रवृत्तिको रकम वृद्धि गरी उसको शैक्षिक हितको लागि खर्च गर्ने संयन्त्र बनाउनु पर्छ । दलित समुदायको आर्थिक सामाजिक, राजनैतिक एवम् शैक्षिक स्थितीको अध्ययन गरी दलित समुदायको मुलप्रवाहिकरण गर्न

राज्यले विशेष नीति तथा कार्यक्रम बनाई गैर दलित र दलितको संलग्नतामा कार्यक्रम कार्यान्वयन गर्नुपर्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयको हरेक क्रियाकलापमा दलित अभिभावकलाई संलग्न गराउनु पर्छ । दलित अभिभावकहरुलाई सचेतना जगाउन विद्यालयले घरदैलो, अभिभावक भेला जस्ता कार्यक्रम गर्नुपर्छ । दलित विद्यार्थीहरुको शैक्षिक स्थिती उकास्न विद्यालयले समय अनुकुल बनाई अतिरिक्त कक्षा संचालन गर्नुपर्छ । विद्यालयले दलित विद्यार्थीहरुको शैक्षिक अवस्था सम्बन्धमा समय समयमा अन्तक्रिया छलफल गर्नुपर्छ । विद्यालयमा तथा स्थानीयस्तरमा रोजगारीको अवसर प्राप्त भएमा दलितलाई प्राथमिकता दिनुपर्छ । शिक्षकले दलित विद्यार्थीहरुका अभिभावकलाई समय समयमा भेटघाट गरेर विद्यार्थीको शैक्षिक अवस्थाबारे जानकारी दिनुपर्छ । विद्यालय उमेरका दलित बालबालिकाहरुको तथ्यांक संकलन गरी अभियानको रुपमा विद्यालय भर्ना कार्यक्रम संचालन गर्नुपर्छ ।

शिक्षण क्रियाकलाप बालमैत्री वातावरण बनाउनुपर्छ । विद्यालयले साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी दलित विद्यार्थीको प्रतिभा प्रष्फुटन गर्ने वातावरण मिलाउनुपर्छ । दलितप्रतिको दृष्टिकोण परिवर्तन गर्न गैर दलितहरुको लागि पनि सचेतना कार्यक्रम संचालन गर्नु पर्छ । आफ्नो बालबालिकालाई नियमित विद्यालय पठाउने अभिभावकतथा विद्यालय नियमित आउने दलित विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गर्नु पर्छ ।

### ५.२.३ अनुसन्धान तह

दलित अभिभावकको आर्थिक अवस्था सुदृढ पार्न आफ्ना बालबालिकाहरुलाई पैसा कमाउन काममा लगाउनु भन्दा विद्यालय पठाउनु पर्छ । आफ्ना बालबालिकाहरुलाई लैङ्गिक विभेद गर्नुहुदैन । आफूले पुर्खौदेखी अँगालेको पेशाप्रति हीनताबोध नदेखाई आधुनिकीकरणद्वारा प्रतिस्पर्धात्मक बनाउनु पर्छ । दलितलाई कानुनले कुनै विभेद गरेको छैन, त्यसैले जातीगत

आधारमा हीनताबोध गर्नु हुदैन । छोराछोरीलाई पढ्नका लागि उचित समय र वातावरण दिलाउने, साथै नियमित विद्यालय पठाउनुपर्छ । परिवार संख्या सानो बनाउने र जन्मान्तरलाई बढी बनाउनु पर्छ । विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्रीको व्यवस्था मिलाउने, यसका लागि चाहिने रकमका लागि बालबालिकालाई तनाव सिर्जना गर्नु हुदैन । आफ्ना बालबालिकाहरुको पढाइप्रति सजग रही बेला बेलामा विद्यालयमा गएर शैक्षिक अवस्थाबारे जानकारी लिने गर्नुपर्दछ आदि ।

# सन्दर्भसूची


अनौपचारिक क्षेत्र सेवा केन्द्र (२०५३), *नेपालमा जातीय छुवाछुत,* काठमाण्डौः इन्सेक ।

खत्री, नन्दाकुमारी (२०५७), *दलित बालबालिकाहरुको शैक्षिक स्थिती एक अध्ययन* - अप्रकाशित शोधपत्र), कीर्तिपुर त्रि.वि.वि. ।

गौतम, जीतु (२०६०), *दलित परिभाषा तथा जातीय अनुसूची,* गतिविधि सन्देश, काठमाण्डौ : श्री ५ को सरकार राष्ट्रिय दलित आयोग ।

चलाउने भ्वानसिंह (२०५७), *दलित बालबालिकाहरुको शिक्षामा प्रभाव पार्ने तत्वहरु बलिया गा.वि.स.को एक अध्ययन* (अप्रकाशित शोधपत्र स्नातकोत्तर), कीर्तिपुर : त्रि.वि.वि. ।

दलित गैर सरकारी महासंघ (२०६१), *नेपालमा दलित समुदायका लागि आरक्षणको स्वरुप,* काठमाण्डौ : डी.एन.एफ., कानुनी सहायता तथा परामर्श विभाग ।

दलित मानव अधिकार तथा जातिय भेदभाव सरोकार केन्द्र (२०६१), *समानता अभियान,* काठमाण्डौ : बर्ष २ अंक २, २०६१ असार ।

नेपाल सरकार (२०४७), *नेपाल अधिराज्यको संविधान-२०४७,* काठमाण्डौ : नेपाल कानुन किताब खाना व्यवस्थापन समिति ।

नेपाल दलित समाज कल्याण संघ (२०६२), *लुकेको आवाज,* (त्रैमासिक, २०६२, जेष्ठ-श्रावण) काठमाण्डौं ।

महत, पदम बहादुर (२०५७), *सार्की बालबालिकाहरुको प्राथमिक तहको शैक्षिक अवस्थाको हंसपुर गा.वि.स. एक अध्ययन* (अप्रकाशित शोधपत्र स्नातकोत्तर), कीर्तिपुर : त्रि.वि.वि. ।

राष्ट्रिय दलित आयोग (२०६१), *स्मारिका,* काठमाण्डौः राष्ट्रिय दलित आयोग ।

लाम्गादे, भोजमान (२०६१), *नेपालमा दलित मानवअधिकारको अवस्था र कानूनी व्यवस्था,* काठमाण्डौ : जनउत्थान प्रतिष्ठान ।

विश्वकर्मा, चक्रमान (२०६५), *विद्यालय र उपेक्षित समुदाय विकासको निमित्त शिक्षा,* काठमाण्डौ : त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

विश्वकर्मा, विमल र विश्वकर्मा, मीन (२०६१), *नेपालमा दलित समुदायको स्थिती,* काठमाण्डौ : राष्ट्रिय दलित आयोग

विश्वकर्मा, विमल र विश्वकर्मा, लुमासिंह (२०६०), *नेपालमा दलित समुदायको लागि आरक्षणको स्वरुप,* काठमाण्डौ : दलित गैर सरकारी संस्था महासंघ

शर्मा, वसन्त कुमार (२०६३), *नेपाली शब्दसागर,* काठमाण्डौः भाभा पुस्तक भण्डार

श्री ५ को सरकार (२०५५), *उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन-२०५५,* काठमाण्डौ : शिक्षा मन्त्रालय ।

श्री ५ को सरकार (२०५९), *शिक्षा ऐन २०२८ सातौं संसोधन-२०५९,* काठमाण्डौ : नेपाल कानुन किताब खाना व्यवस्थापन समिति ।

DNF (2005), *International Aid and Dalit Communities in Nepal*, Kathmandu: Annapurna Printing Press.

# सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तर

## अनुसूची १

## प्रधानाध्यापकको लागि प्रश्नावली

**नामथर :** **उमेर :** **सेवाअवधि :** **योग्यता**

**विद्यालयको नाम :** **दरबन्दी**

१. तपाईको विद्यालयको सेवाक्षेत्र भित्रको विद्यालय नआउने प्रा.वि.तहको दलित बालबालिकाहरु कति छन ?

२. दलित विद्यार्थीहरुको नियमितता कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) धेरै नराम्रो ङ) अन्य

३. सबै दलित विद्यार्थीहरुको लागि कापी, कलम, पुस्तक उपलब्ध भएको छ ?

क) सबैको छ ख) केहीको छ ग) धेरैको छैन घ) कसैको छैन

४) उनीहरुको लागि पोशाक समयमा उपलब्ध हुन्छ ?

क) सबैको हुन्छ ख) केहिको हुन्छ ग) धेरैको हुदैन घ) कसैको पनि हुदैन

५) दलित विद्यार्थीलाई विद्यालयमा विशेष प्राथमिकता दिनुहुन्छ ? दिनुहुन्छ भने के के दिनुहुन्छ ?

६) विद्यालयमा दलित विद्यार्थीहरुलाई अन्य विद्यार्थीहरुले कस्तो व्यवहार गर्छन ?

क) मित्रवत ख) हेपाहा ग) वास्ता गर्दैनन घ) अन्य

७) खानपिन गर्दा अरु विद्यार्थीले कस्तो व्यवहार गर्छन ?

क) समान ख) वास्ता गर्दैनन ग) असमान घ) अन्य

८) अभिभावकले आफ्नो छोराछोरीको पढाइप्रति चासो राख्छन ? राख्छन भने कसरी ?

९) दलित विद्यार्थीहरुको पढाइ कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) अन्य

१०) दलित विद्यार्थीहरुको कक्षागत स्थान कस्तो रहेको छ ?

११) दलित विद्यार्थीहरुको उपलब्धी स्तर कस्तो रहेको छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) अन्य

१२) दलित विद्यार्थीहरु सबैले छात्रवृत्ति पाउँछन ?

१३) छात्रवृत्ति पर्याप्त छ कि छैन ?

१४) पर्याप्त छैन भने किन ?

१५) छात्रवृत्तिले उनीहरुलाई विद्यालय आउन सहयोग गरेको छ कि छैन ?

१६) छैन भने किन ?

१७) दलित विद्यार्थीहरुको समस्याहरु के के हुन ?

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

घ) ..........................................................................................

१८) ती समस्या समाधान गर्न के के गर्नु पर्ला ?

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

घ) ..........................................................................................

# सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तर

## अनुसूची २

## शिक्षकको लागि प्रश्नावली

नामथर :　　　　　　उमेर :　　　　　　तालिम/योग्यता

अनुभव :　　　　　　　　　　　　　　विद्यालयको नाम :

१. दलित विद्यार्थीहरुको नियमितता कस्तो छ ?

क) राम्रो　　ख) ठिकै　　ग) नराम्रो　　घ) अन्य

२. नियमित छैनन भने नहुनुको कारण के होला ?

क) आर्थिक अवस्था कमजोर　　　　ग) अभिभावकमा चेतना नभएर

ग) कापी कलम पुस्तक नभएर　　　　घ) पोशाक अनिवार्य भएर

३. उनीहरुको कक्षामा सहभागिता कस्तो छ ?

क) सक्रिय　　ख) ठिकै　　ग) निष्क्रिय　　घ) अन्य

४. अनियमितता हुने दलित विद्यार्थीलाई तपाई के भन्नुहुन्छ ?

क) सम्झाउँछु　ख) केहि गर्दिन　ग) सचेत गराउँछु　　घ) दण्ड दिन्छु

५. अन्य विद्यार्थीले दलित विद्यार्थीहरुलाई कस्तो व्यवहार गर्छन ?

क) मित्रवत　　ख) नराम्रो　　ग) वास्ता गर्दैनन　　घ) अन्य

६. दलित विद्यार्थीको शैक्षिक स्तर कस्तो छ ?

क) राम्रो　　ख) ठिकै　　ग) नराम्रो　　घ) अन्य

७. नराम्रो भए किन ?

८. दलित विद्यार्थीले नियमित गृहकार्य गर्छन ?

क) गर्छन  ख) कहिलेकाही गर्छन  ग) गर्दैनन  घ) अन्य

९. शिक्षण क्रियाकलापमा बाहेक अन्यमा कस्तो सहभागिता छ ?

१०. दलित विद्यार्थीहरुको शैक्षिक समस्याहरु के के हुन जस्तो लाग्छ ?

११. ती समस्याहरु समाधानका उपायहरु के के होलान ?

# सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तर

## अनुसूची ३

## दलित विद्यार्थीको लागि प्रश्नावली

नामथर : कक्षा रोल नं. उमेर :

विद्यालयको नाम :

१. तिम्रा दाजुभाई दिदीबहिनी कति जना छन ?

क) दाजुभाई ......................... ख) दिदीबहिनी .............................

२. विद्यालय जाने दाजुभाई दिदीबहिनी कति छन ?

क) दाजुभाई ......................... ख) दिदीबहिनी .............................

३. ६ देखी १० बर्षका कति जना छन ?

४. तिम्रो आमाबाले पढ्न जान्नु भएको छ ?

क) छ ख) छैन

५) पढ्न जानेको भए कति पढ्नु भएको छ ?

क) बुवाले ख) आमाले

६. तिम्रो बुवा, आमा दाजु दिदी के गर्नुहून्छ ?

बुवा ............ आमा..................... दाजु .......... दिदी ..................

७.तिमीलाई पुग्दो कापी, कलम, किताब छ ?

क) छ ख) छैन

८. घरमा कति पढ्छौ ?

क) धेरै ख) अलिअलि ग) पढ्दिन घ) भ्याउदिन

९. तिमी विद्यालय दिनहुँ जान्छौं ?

क) जान्छु, ख) धेरै जसो जान्छु ग) कहिलेकाहीँ जान्छु घ) भ्याउदिन

१०. घरमा तिमीलाई कसैले सिकाउँछन ? सिकाउँछ भने कसले ?

११. शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) माया गर्नुहुन्छ ? ख) अरुसरह ग) विद्यालय छोडुँ जस्तो लाग्छ घ) नराम्रो

१२. तिमीलाई विद्यालयमा जान कतिको मन लाग्छ? लाग्छ भने किन ? लाग्दैन भने किन ?

१३. तिमीलाइ पढ्न जान कस्ले भनेको ?

क) आमाबुवाले ख) साथिले ग) सरले घ) आफै

१४. तिमीले छात्रवृत्ति पाएको छौ ? पाएको छौ भने के के पाएको छौ ?

१५. तिमीलाई विद्यालय जान, पढ्न लेख्न के के कठिनाई होलान ?

क) ........................ख) ......................ग) ..............घ) .............

१६. ती समस्याहरु आउन नदिन के के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

क ख. ग. घ.

# सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तर

## अनुसूची ४

## अभिभावकको लागि प्रश्नावली

नामथर : उमेर :

ठेगाना पेशा :

१. तपाईको परिवार संख्या कति छ ?

२. तपाईका परिवारमा कतिले पढ्न लेख्न जानेका छन ?

३. तपाई के पेशा गर्नुहुन्छ ?

४. तपाईको आम्दानीले कति महिना खान पुग्छ ?

५. तपाईले कति पढ्नु भएको छ ?

६. कतिजना छोराछोरीहरुलाई विद्यालय पठाउनु भएको छ ?

७. विद्यालय जाने छोरा छोरीहरु कति कति बर्षका छन ?

८. तपाईका छोराछोरीहरु सधैं विद्यालय जान्छन ? जादैनन भने किन ?

९. विद्यालय जान छाडेका पनि छन ? छन भने किन छाडेका हुन ?

१०. तपाईको जग्गा जमिन कति छ ?

११. तपाईको घरबाट विद्यालय कति टाढा रहेको छ ?

१२. छोराछोरीलाई घरमा पढ्ने समय कति दिनुहुन्छ ?

१३. तपाई छोराछोरीलाई समयमा कापी कलम किताब, पोशाक उपलब्ध गराउनु हुन्छ ? हुदैन भने किन ?

१४. तपाई छोराछोरीको पढाइप्रति शिक्षकसँग चासो राख्नुहुन्छ ? चासो राख्नुहुन्छ भने के केमा चासो राख्नुहुन्छ ?

१५. शिक्षकले तपाईको छोराछोरीको पढाइमा जानकारी दिनुहुन्छ? हुन्छ भने कसरी ?

१६. छोराछोरीप्रति शिक्षकको व्यवहार कस्तो पाउनु भएको छ ?

१७. तपाईका सबै छोराछोरीहरुले छात्रवृत्ति पाउँछन ? पाउँछन भने के के पाउँछन ?

१८. छोराछोरीले पाएको छात्रवृत्ति पर्याप्त छ ? छैन भने कति भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

१९. तपाईको विचारमा छोराछोरीलाई विद्यालय पठाउन के के समस्याहरु होलान ?

## सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तर

## अनुसूची ५

### अध्ययन छनौटमा परेका विद्यालय र प्रधानाध्यापकहरु

| विद्यालयहरु | प्रधानाध्यापक |
|---|---|
| १. डोरामारी उ.मा.वि. | १. केदार बहादुर भण्डारी |
| २. स्कूलचौन उ.मा.वि. | २. बाबुराम भण्डारी |
| ३. मदनआश्रित प्रा.वि. | ३. सीता घिमिरे |
| ४. भिमसेन नि.मा.वि. | ४. खड्गबहादुर थापा |
| ५. जनता प्रा.वि. | ५. देवेन्द्र डाँगी |
| ६. जनज्योती प्रा.वि. | ६. नेत्रबहादुर खड्का |
| ७. कञ्चनजंघा प्रा.वि. | ७. रुद्रप्रसाद भट्टराई |

## सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तहका दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तर

## अनुसूची ६

## अध्ययन छनौटमा परेका शिक्षकहरु र अभिभावकहरु

| शिक्षकहरु | दलित अभिभावकहरु |
|---|---|
| १. लक्ष्मी पराजुली | १. शेखर दमाई |
| २. नवराज सिटौला | २. भानु सूचिकार |
| ३. तारानाथ प्रसाई | ३. उमा दमाई |
| ४. देवीमाया ठटाल | ४. उमेश वि.क. |
| ५. भगवती भण्डारी | ५. रमेश नेपाली |
| ६. लोकनाथ दहाल | ६. कृष्ण वि.क. |
| ७. मदन खत्री | ७. जयराम झाँगर |
| ८. गोपाल थपलिया | ८. अशोक झाँगर |
| ९. खगेन्द्र बहादुर भण्डारी | ९. बलराम मुसहर |
| १०. खड्गबहादुर भण्डारी | १०. मिना सन्थाल |
| ११. रुपनारायण चौधरी | ११. निरोज कलवार |
| १२. राजदेव यादव | १२. नरेश सुनार |
| १३. रामचन्द्र पण्डीत | १३. राकेश दनुवार |
| १४. हरिशचन्द्र ढकाल | १४. मञ्जिल कलवार |
| १५. भागीरथा भट्टराई | १५. दिपक त्रिखत्री |
| १६. गोमा आचार्य | १६. कला सार्की |
| १७. शिवनारायण यादव | १७. शान्तिराम लोहार |
| १८. संगीता मर्डी सतार | १८. युवबहादुर रिजाल |
| १९. कल्पना उप्रेती | १९. महेन्द्र चमार |
| २०. मोहन कार्की | २०. नन्दीनी सन्थाल |

| | |
|---|---|
| २१. भिष्म लिम्बु | २१. सुभाष कलवार |
| २२. योगराज भट्टराई | २२. निरोज वि.क. |
| २३. भाष्कर भट्ट | २३. मानबहादुर वि.क. |
| २४. तेजेन्द्र कार्की | २४. बुद्धिमान सूचिकार |
| २५. राजाराम पौडेल | २५. मोहन बराइली |